का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ पुस २०८१,
सोमबार
6 January, 2025
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु

वर्ष २२, अंक ३१८ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## आस देखाउँदै प्रचण्ड

प्रचण्डले माओवादीको सुखद भविष्य देखाउन खोजेका छन् भने बलियो शक्तिका लागि एकता र ध्रुवीकरणको प्रस्ताव गरेका छन् । पार्टीलाई क्रियाशील बनाउने र फरक मतलाई समेत सम्मान गर्ने उनको योजना छ




- कम्युनिस्ट शक्तिका लागि एकता र ध्रुवीकरण
- तराई र हिमाल केन्द्रित अभियान संचालन
- राज्यका सबै संयन्त्रमा ५० प्रतिशत महिला सहभागिता
- प्रत्यक्ष निर्वाचित राष्ट्रपति, पूर्ण समानुपातिक निर्वाचन प्रणाली
- जातीय, क्षेत्रीय मोर्चाहरु सक्रिय पार्ने
- पार्टीभित्रको अन्तरविरोधबारे छलफल गर्नै वैचारिक मोर्चा निर्माण

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २१ पुस ।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकल दाहाल 'प्रचण्ड'ले नेता/कार्यकर्तामा आस भर्न खोजेका छन् ।

प्रचण्डले आइतबार पार्टीको केन्द्रीय समितिको बैठकमा ३० पेजको 'पार्टी रूपान्तरण र पुनर्निर्माणको संकल्प, आजको ऐतिहासिक आवश्यकता' शीर्षकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गरे ।

राजनीतिक प्रतिवेदनमा प्रचण्डले नेता/कार्यकर्तामा आस भर्न माओवादीको सुखद भविष्य देखाउन खोजेका छन् । बलियो कम्युनिस्ट शक्तिका लागि एकता र ध्रुवीकरणको प्रस्ताव गरेका छन् । विभिन्न अभियान चलाएर पार्टीलाई क्रियाशील बनाउने र फरक मतलाई सम्मान गर्ने पनि उनको योजना छ ।

बलियो कम्युनिस्ट शक्तिका लागि क्रान्तिकारी शक्तिहरूसँग एकता गर्ने प्रचण्डको प्रस्ताव छ । प्रचण्डले धर्मेन्द्र बाँस्तोला नेतृत्वको नेकपा बहुमत, माधवकुमार >>> पृष्ठ २ मा

## खुसी बाँड्दै ओली

केन्द्रीय समितिको बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्दै एमाले अध्यक्ष केपी शर्मा ओलीले तत्कालीन नेकपाभित्रको अन्तरसंघर्ष र संसद् विघटनपछिको परिस्थितिसँग वर्तमान अवस्थालाई दाँजेर खुसी बाँड्ने प्रयास गरेका हुन्



**निमिष झा/मध्यान्ह**
काठमाडौं, २१ पुस ।

सत्ताबाट बाहिरिएको प्रतिशोध लिन नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' अराजकतावादीहरूसँगको साँठगाँठमा लागेको विश्लेषण एमालेले गरेको छ ।

एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले अस्थिरता, अराजकता र प्रायोजित निराशा जगाउने खेलमा प्रचण्ड रहेको टिप्पणी गरेका छन् । आइतबारदेखि ललितपुरको च्यासलमा सुरु भएको केन्द्रीय कमिटी बैठकमा राजनीतिक >>> पृष्ठ २ मा

### किन टुट्यो सहकार्य ?

ओलीले प्रचण्डको राजनीतिक दाउपेच, अवसरवाद र अस्थिर सोचका कारण उनीसँगको सहकार्य टुटेको बताएका छन् ।

राजनीतिक प्रतिवेदनमा प्रचण्डमा हावी अवसरवाद, अस्थिर सोच, आडम्बर र दाउपेचका कारण राजनीतिक स्थायित्व, सुशासन र विकास तथा जनतामा आशा, भरोसा जगाउने पार्टीको >>> पृष्ठ २ मा

### छिमेकीसँग सन्तुलित सम्बन्ध

राष्ट्रिय हितलाई सर्वोच्च प्राथमिकता राखेर दुवै छिमेकीसहित सबै मित्र राष्ट्रहरूसँगको बहुआयामिक कूटनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, व्यापारिक सम्बन्धलाई अझ घनिष्ठ र प्रगाढ बनाउँदै सार्वभौमिक समानताको आधारमा सन्तुलित, विश्वासिलो, असल छिमेकीपनको मर्ममा आधारित सुसंगत >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मलेसियामा अवैधानिक विदेशी कामदार धरपकड सुरु



**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ पुस ।

मलेसियाले अवैधानिक अवस्थामा रहेका विदेशी कामदारविरुद्ध धरपकड गर्न सुरु गरेको छ । ३ जनवरी मध्यरातदेखि सुरु गरिएको धरपकडमा हालसम्म ४ जना नेपाली पनि पक्राउ परेका मलेसियाका संचार माध्यमहरूले जनाएका छन् ।

पूर्वी मलेसियाको जोहरबारु क्षेत्रका बाटु पहाट, मेर्सिङ, मुआर र सेगामाटमा एकैसाथ गरिएको कारबाहीमा अवैधानिक रूपमा बसेका ४६ जना विदेशी कामदार पक्राउ परेका थिए । जोहोर अध्यागमन विभागका निर्देशक दातुक मोहम्मद रुस्दी दारुसले अवैधानिक विदेशी कामदारविरुद्धको अपरेसनमा जोहरका ४ जिल्लाका प्रवर्तन अधिकारीहरू संलग्न रहेका बताए ।

पक्राउ पर्नेमा भारतीय, म्यानमार, थाइल्यान्ड, बंगलादेशी, इन्डोनेसियाली, पाकिस्तानी पुरुषहरू र केही महिला पनि रहेका अध्यागमन अधिकारीहरूले बताएका छन् । विदेशी कामदारहरूले अध्यागमन ऐन तथा नियमावलीअन्तर्गतका अपराध गरेका दाबी गरिएको छ ।

अवैध विदेशी कामदारहरूलाई अनुसन्धान र थप कारबाहीका लागि पेकान नानस अध्यागमन डिपोमा पठाइएको बताइएको छ ।

धरपकड अभियानमा पक्राउ परेका विदेशीलाई मलेसियाले निश्चित रकम जरिमाना तिराएर ५ वर्षसम्म कुनै पनि कामका लागि आफ्नो मुलुक प्रवेश नपाउनेगरी कालो सूचीमा राखेर सम्बन्धित कामदारको नागरिकता भएको देशमा डिपोर्ट गर्ने वा वैधानिकता दिएर रोजगरीमा लगाउने गरेको छ ।

अवैधानिक अवस्थामा रहेका कामदारहरूलाई डिपोर्ट गरेर नयाँ कामदार भर्ना गर्नु खर्चिलो हुने भएकाले पक्राउ परेका विदेशी कामदारलाई वैधानिक हैसियत दिएर काममा लगाउनु रोजगारदाताहरूको हितमा हुने कतिपयको सुझाव छ ।

मलेसियाले विदेशी कामदारको नयाँ भर्नाका बारेमा ताजा निर्णय लिनुअघि अवैधानिक अवस्थामा रहेका विदेशी कामदारको वैधानिकीकरणको कामलाई तीव्रता दिएको बताएको छ । अवैधानिक विदेशी कामदारको अनलाइन दर्ता र वैधानिकीकरणको कामको अनुगमनका लागि गृहमन्त्री सैफुद्दिन नासुसन इस्माइल आफैं फिल्डमा खटिएका छन् ।

मलेसियामा जारी दोस्रो श्रम रिक्यालिब्रेसन कार्यक्रम (आरटीके २.०) ३१ मार्चसम्म संचालन हुने र त्यसपछि प्रमाणीकरण >>> पृष्ठ २ मा

**कर्णाली सरकारको अकर्मण्यता**

## घोषणा तामझाम कार्यान्वयन सुनसान

स्थानीय तहसँग नियमित समन्वय नहुनु, अख्तियारी ढिलो जानु, छोरीहरुको समय सीमाभित्र खाता नखोलिनुलगायत कारण कार्यक्रमको प्रभावकारिता कम देखिएको थियो

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २१ पुस ।

२०७६ साउनमा कर्णाली सरकारले 'बैंक खाता छोरीको : सुरक्षा जीवनभरीको' कार्यक्रम कालीकोटदेखि सुरु गर्‍यो । छोरीहरूको सुनौलो भविष्यका लागि भन्दै प्रदेश सरकारको महत्त्वाकांक्षी यो कार्यक्रम निकै तामझामका साथ सुरु गरिएको थियो ।

कर्णाली प्रदेशका तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाही, सामाजिक विकासमन्त्री दल रावल, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विमला के. सी.ले कालीकोटको खाँडाचक्र नगरपालिका- १ की डेढ महिनाकी जमुना सुनार र सोही नगरपालिका- २ की >>> पृष्ठ २ मा

### आर्थिक भारको बहानामा कार्यक्रम बन्द

कर्णाली प्रदेश सरकारलाई आर्थिक भार पर्ने भन्दै यो कार्यक्रम बन्द गरेको पाइएको छ । सामाजिक विकास मन्त्रालयका एक कर्मचारीले प्रदेश सरकारलाई आर्थिक भार परेको भन्दै उक्त कार्यक्रम बन्द गरिएको जानकारी दिए ।

'सरकारलाई आर्थिक भार पर्‍यो रे ! यसले पछिका दिनमा झन् धेरै आर्थिक दायित्व बढाउँछ । यस कार्यक्रमले प्रदेश सरकारलाई कति भार पर्छ, त्यो छुट्याउन पनि सकिएन । त्यही भएर कार्यक्रम बन्द भएको >>> पृष्ठ २ मा

युएईको Semi Government कम्पनीमा रोजगारको अवसर

कम्पनी : NATIONAL CORPORATION FOR TOURISM AND HOTELS    शहर: Abu Dhabi
पूर्व स्वीकृत मितिः २०८१/०३/०२    चलानी नं.: ६०२२१२८२    LT. No.: 306402    पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Cook | 27 | 0 | स. काममा दक्ष | 1200 | ४४,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Chamberman/chambermaid | 87 | 0 | | 1000 | ३७,२८० | | | | | | | |
| 3. | Foreign Food Cook | 10 | 0 | | 1500 | ५५,९२० | | | | | | | |
| 4. | Labourer of Kitchen | 99 | 0 | | 900 | ३३,५५२ | | | | | | | |
| 5. | Laundry Labour | 30 | 0 | | 1000 | ३७,२८० | | | | | | | |
| 6. | Pastries Maker | 4 | 0 | | 1500 | ५५,९२० | | | | | | | |
| 7. | Salad Maker | 5 | 0 | | 1300 | ४८,४६४ | | | | | | | |
| 8. | Waiter | 70 | 0 | | 1200 | ४४,७३६ | | | | | | | |

अन्तर्वार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट मेनपावर कार्यालय, काठमाडौंमा २०८१ पुष २९ गते (13 January 2025) मा हुनेछ ।

नोट : यसै कम्पनीको लागि Kitchen Cleaner, Room Boy, Waiter, Chapati Maker, Salad Maker, Laundry Man, Asian Cook- South Indian, Arabic Cook, Camp Boss, Asst Cook, Pastry Man को पनि माग भएकोले इच्छुकले निशुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।
साथै Camp Boss को लागि अनिवार्य Catering कम्पनीमा काम गरेको र HACCP-3 हुनुपर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ROYAL AND PARTNERS SERVICES PVT. LTD.
Tokha -10, Kathmandu, Nepal | Phone no.: 01-5914938
Mobile: 9823401265 | 9851327446
Email : info@rpmanpower.com | Web. : www.rpmanpower.com
श्रम ईजाजत पत्र नं. १५८१/०७९/०८०

Vacancy Announcement

A leading foreign recruitment agency is seeking the following position urgently.

Recruiting Manager - 1 (Male/Female)
Pro - 5 (Male/Female)
Ticketing officer - 1 (Male/Female)

Preferable with job experience in related field of manpower.
SALARY - NEGOTIABLE

ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.
Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, ९८४३२७६६२८
Email : info@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

VACANCY ANNOUCEMENT

One of the reputed recruitment agency is seeking for following applicants.

Operation Manager - 2 (Male/Female), (Salary Upto 70,000)
Flight Manager - 2 (Male/Female), (Salary Upto 50,000)
Accountant - 1 (Male/Female), (Salary Upto 40,000)
Public Relation Officer (PRO) - 10 (Male/Female), (Salary upto 30,000)
Requirement:
2 to 3 Years Experienced in Related Fields.

SEND YOUR CV: nicerecruitingagency1062@gmail.com
9803497942 / 9706414359

NICE RECRUITING AGENCY PVT. LTD.
Samakhusi-26, Kathmandu, Landline No : 01-4957256,
Website: www.nicemanpower.com
श्रम ई. पत्र नं. १०६२/०७३/०७४

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# पुनर्निर्माणका लागि तत्काल ठोस योजना ल्याउन निर्देशन



**काठमाडौं/मस–** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १५औं बैठकले पश्चिम नेपाल भूकम्प र २०८१ सालको मनसुनजन्य विपद् पश्चातको पुनःनिर्माणका लागि तत्काल ठोस् योजना ल्याउन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरणलाई निर्देशन दिएको छ ।

प्रधानमन्त्री एवं परिषद्का अध्यक्ष केपी शर्मा ओलीका अध्यक्षतामा आइतबार प्रधानमन्त्री निवास, बालुवाटारमा सम्पन्न बैठकमा आइतबार नै भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकको निर्णयबमोजिम उक्त योजनाका प्रस्तावित विषयहरु प्रस्तुत गरिएको थियो ।

क्षतिको विस्तृत लेखाजोखा (डिडिए) गर्न बाँकी भए सम्बन्धित मन्त्रालयबाट गराउन र सोका लागि अर्थ मन्त्रालयलाई परिषद्ले दिनुपर्ने प्रस्ताव बैठकमा आएको थियो । प्रस्तुत प्रस्तावका अधारमा ठोस् योजना बनाइ यही पुस २८ गते बस्ने परिषद्को बैठकले निर्णय गर्ने गरी बैठक स्थगन भएको छ ।

परिषद्मा सडक पुल तथा यातायात, सरकारी भवन तथा सहरी पूर्वाधार, विद्युत्, वैकल्पिक ऊर्जा र सिँचाइ, निजी आवास, खानेपानीलगायत क्षेत्रमा आगामी तीन वर्षका लागि रु ९८ अर्ब ६५ करोड २९ हजार ६८ लागत लाग्ने अनुमान प्रस्तुत गरिएको छ ।

डोटी भूकम्प (बाजुरा, बझाङसमेत) पञ्चातको निजी आवास पुननिर्माण तथा प्रबलीकरण प्रक्रिया प्रारम्भ गर्ने र २०८० सालको बाढीजन्य विपद्मा परी बेपत्ता तथा मृत्यु भएका व्यक्तिका परिवारलाई राहत उपलब्ध गराउने विषयमा प्राधिकरणले तयारी गरेको छ ।

आगामी माघ २ गते हुने भूकम्प सुरक्षा दिवसको कार्यक्रममा पुनःनिर्माणबारे घोषणा गर्ने सरकारको तयारी रहेको छ । बैठकमा उपप्रधानमन्त्रीहरु, मन्त्रीगण, विभिन्न प्रदेशका मुख्यमन्त्रीहरु, नेपाल सरकारका मुख्यसचिवलगायतको सहभागिता थियो ।

## महासंघ रौतहटको निर्वाचन

# उच्च अदालत वीरगन्जको कारण देखाऊ आदेश




**रौतहट/मस-**उच्च अदालत वीरगन्जले नेपाल पत्रकार महासंघ रातहटको निर्वाचन मतगणना सम्बन्धमा जिल्ला प्रशासन कार्यालय रौतहटका नाममा कारण देखाऊ आदेश जारी गरेको छ ।

महासंघको निर्वाचनको मतगणनामा रेजा लगाएको मतपत्र पनि अनियमित तरिकाले गणना गरेकोले बदरका लागि परमादेशको आदेश माग गर्दै पत्रकार राकेश कुमार यादव, किशोरी यादव र विकास कुमार अग्रवाल समेतले जिल्ला प्रशासन कार्यालय रौतहट गौर, प्रमुख जिल्ला अधिकारी, नेपाल पत्रकार महासंघ केन्द्रीय समिति एवम् केन्द्रीय निर्वाचन समिति, नेपाल पत्रकार महासंघ जिल्ला शाखाको निम्ति गठित निर्वाचन समिति एवम् उक्त समितिका संयोजक विनय कुमार लाल दास र जिल्ला हुलाक कार्यालय रौतहट र उक्त कार्यालयका प्रमुखलाई विपक्षी बनाएका थिए ।

रिटमा उच्च अदालत वीरगन्ज इजलासका न्यायाधीश दुर्गाबहादुर विश्वकर्माको इजलासले विपक्षीहरूलाई बाटोको म्याद बाहेक १५ दिनभित्र आफै वा कानुन बमोजिमको वारेशमार्फत आफ्नो भनाइ लिएर उपस्थित हुन आदेश गरेको छ ।

# नयाँ पाइपलाइन बिछ्याइएका ठाउँमा चाँडै मेलम्चीको पानी पुग्ने

**काठमाडौं/मस–** खानेपानीमन्त्री प्रदीप यादवले काठमाडौं उपत्यकामा पछिल्लो समय खानेपानीका नयाँ पाइप लाइनहरु बिच्छाइएका ठाउँहरुमा चाँडै मेलम्चीको शुद्ध पानी वितरण गरिने बताएका छन् ।

आइतबार मन्त्रालयमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै मन्त्री यादवले काठमाडौंका अधिकांश ठाउँहरुमा खानेपानीका नयाँ पाइपलाइन बिच्छ्याउने कार्य अन्तिम चरणमा पुगेकाले चाँडै नै मेलम्चीको शुद्ध पानी वितरण गरिने बताएका हुन् । उनले भने, 'नयाँ पाइपलाइन बिस्तारको कार्य करिब करिब सकिएर अहिले परीक्षणको काम हुँदैछ । केही दिन धैर्य गर्नुस् । नयाँ पाइपलाइन बिस्तार भइरहेका ठाउँमा म आफैं अनुगमनका लागि



खटिदै आएको छु । अब सबैको घरघरमा नयाँ पाइपलाइनबाट मेलम्चीको पानी पठाउने छौं ।'

मन्त्री यादवले काठमाडौं उपत्यकामा खानेपानीका पाइपलाइनबाट पानी चुहावट हुने समस्या तत्काल नियन्त्रण गर्नका लागि मातहतका निकायहरुलाई निर्देशन दिइएको पनि बताए । उनले सडक मर्मत एवं निर्माण गर्ने क्रममा अधिकांश ठाउँमा खानेपानीका पाइपहरु भत्काइएका र फुटाइएका भएपनि सम्बन्धित निर्माण कम्पनी र कार्यालयले मर्मत नगरिदिँदा उपत्यकामा खानेपानी वितरण प्रक्रियामा कठिनाइ उत्पन्न भएको गुनासो गरे ।

## हुलाक सेवाको पुनः संरचनामा जोड

**काठमाडौं/मस-**सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले सूचना प्रविधिको पहुँच नभएका ग्रामीण भेगमा सरकार र जनतालाई जोड्ने भरपर्दो माध्यम हुलाक सेवा भएको बताएकी छन् ।

उपत्यकाव्यापी अन्तर-सामुदायिक विद्यालय स्तरीय वादविवाद प्रतियोगिताको आज उद्घाटन गर्दै उनले तीन वटै तहका सरकारबीच समन्वय गरी हुलाक सेवा पुनः संरचना गरी अझ प्रभावकारी बनाउन आवश्यक भएको बताइन् । सचिव अर्यालले भनिन, 'हुलाक सेवा अत्यावश्यक हो, विपद्मा पनि यो सेवालाई रोक्न मिल्दैन, यो राज्यको दायित्व हो ।'हुलाक सेवा विभागद्वारा 'सूचना प्रविधिको उच्चतम प्रयोग भइरहेको वर्तमान परिवेशमा हुलाक सेवाको सान्दर्भिकता छ वा छैन ?' शीर्षकमा भएको प्रतियोगितामा २६ विद्यालयका २९ जना छात्रछात्रा सहभागी छन् ।

सचिव अर्यालले प्रविधिमा आश्रित आजको युगमा हुलाकले नयाँ पुस्ताको माग र चाहनालाई कसरी सम्बोधन गर्न सक्ला भन्ने छात्रछात्राबाट पक्ष र विपक्षमा प्रस्तुत विचारले आफू प्रभावित भएको बताइन् ।

हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पंगेनीले विद्यालयमा आयोजना हुने यस प्रकारका प्रतियोगिताले विद्यार्थीले क्षमता प्रस्फुटन गराउनमा सहयोगी हुने धारणा राखिन् ।

# विदेश पठाउने भन्दै ठग्ने ३ पक्राउ

**काठमाडौं/मस–**वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले ३ जनालाई पक्राउ गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले ठगीको आरोपमा सर्लाही गोडैताका राकेशकुमार रावत, काभ्रे रोशीका दूधराज थिङ र दाङ तुलसीपुरकी प्रभा श्रेष्ठलाई पक्राउ गरेको हो ।

प्रहरीले रावतले वैदेशिक रोजगारीका लागि मरिसस पठाउने प्रलोभन दिएर ६ लाख ४५ हजार, थिङले क्यानडा पठाइदिने प्रलोभन दिएर ७ लाख ५० हजार र श्रेष्ठले सिंगापुर पठाइदिने भन्दै ७ लाख ८ हजार लिएर फरार रहेको अवस्थामा राजधानीका विभिन्न स्थानबाट पक्राउ गरेको हो । प्रहरीले पक्राउ परेका व्यक्तिहरूलाई वैदेशिक रोजगार ठगीमा मुद्दा चलाउन वैदेशिक रोजगार विभाग ताहाचल पठाएको छ ।

## राससका प्रधानसम्पादक सिल्वाललाई मातृशोक



**काठमाडौं/मस–** राष्ट्रिय समाचार समिति (रासस)का प्रधानसम्पादक उत्तम सिल्वाललाई मातृशोक परेको छ । उनकी आमा सत्यरुपा सिल्वालको शनिबार राति धादिङको मलेखुस्थित आफ्नै निवासमा निधन भएको हो । उमेरका कारण खाना नरुच्ने समस्या खेपिरहेकी उनी ८७ वर्षकी थिइन् ।

स्वर्गीय सिल्वालको स्थानीय मलेखु खोला र त्रिशूली नदी दोभानमा अन्त्येष्टि गरिएको पारिवारिक स्रोतले जनाएको छ । प्रधानसम्पादक सिल्वालसहित उनका चार छोरा र दुई छोरी छन् ।

### आस...

नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी), महिन्द्रा राय यादव नेतृत्वको नेपाल समाजवादी पार्टी, प्रभु साह नेतृत्वको आम जनता पार्टी, नेत्रविक्रम चन्द नेतृत्वको नेकपालगायतसँग एकताको पहल गर्ने भनेका हुन् ।

माओवादी केन्द्रका उपाध्यक्ष अग्निप्रसाद सापटोका अनुसार माधव नेपाल र विप्लवसहित ५ वटा पार्टीसँग एकताको पहल गर्ने प्रस्ताव प्रतिवेदनमा छ ।

'वैज्ञानिक समाजवाद मान्नेहरूसित एकताको लागि पहल गर्ने भन्ने आएको छ', सापकोटाले भनेका छन्, 'यसअन्तर्गत नेकपा विप्लव, नेकपा बहुमत, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी र प्रभु साह नेतृत्वको आम जनता पार्टीसँग एकताको लागि पहल गर्ने कुरा भएको छ ।'

माओवादीले महिला, दलित, मुस्लिम समुदायको विश्वास जित्न पनि खोजेको छ । यसका लागि राज्यका सबै संयन्त्रमा महिला सहभागिता ५० प्रतिशत पुऱ्याउन पहल गर्ने भनिएको छ ।

हाल राज्यका सबै निकायमा ३३ प्रतिशत महिला सहभागिता गराउनुपर्ने संवैधानिक व्यवस्था छ । अब संविधान संशोधन गर्दा यसलाई बढाएर ५० प्रतिशत पुऱ्याउन पहल गर्ने प्रस्ताव प्रचण्डले केन्द्रीय समितिको बैठकमा राखेका हुन् ।

'अब महिलाहरूको अधिकार ३३ प्रतिशतबाट बढाएर ५० प्रतिशत पुऱ्याउनका लागि पहल गर्ने विषय आएको छ', माओवादी उपाध्यक्ष सापकोटाले जानकारी दिए ।

उनका अनुसार यो विषय संविधान संशोधनको बहसमा उठाउने र आवश्यक प्रस्तावहरू अगाडि लैजाने तयारी पार्टीको छ ।

यसका साथै दलित र मुस्लिमको अधिकार लागू गराउनसमेत भूमिका खेल्ने भनिएको छ ।

उनले भनेका छन्, 'दलित र मुस्लिमको विशेषाधिकारर लागू गर्ने विषयलाई पनि संविधान संशोधनको एजेन्डामा समावेश गर्ने भन्ने छ ।'

प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख, पूर्ण समानुपातिक निर्वाचन प्रणालीको विषयलाई अगाडि बढाउने माओवादीको योजना छ । साथसाथै, युद्धकालीन समयमा जस्तै जातीय, क्षेत्रीय मोर्चाहरूलाई सक्रिय पार्ने पनि प्रचण्डको प्रस्ताव छ ।

'पहिचानका मुद्दा ओझेलमा पर्न गएकोमा आत्मालोचनासहित उत्पीडित वर्गमा जानुपर्छ', प्रचण्डले भनेका छन्, 'जातीय, क्षेत्रीय मोर्चालाई सक्रिय बनाएर लैजानुपर्छ ।'

माओवादीले युद्धकालीन समयमा राष्ट्रिय मुक्तिको एजेन्डालाई अगाडि सार्दै उत्पीडित जाति र क्षेत्रीय मुक्तिका लागि भन्दै विभिन्न जातीय र क्षेत्रीय मोर्चाहरूको अभ्यास गरेको थियो । त्यसलाई फेरि नयाँ ढंगले अगाडि बढाउने प्रचण्डको प्रस्ताव छ ।

पार्टीभित्रको अन्तरविरोधलाई छलफलमा लैजाने भनेर प्रचण्डले आफूलाई नरम रूपमा देखाउन खोजेका छन् । खासगरी उपमहासचिव जनार्दन शर्माले प्रचण्डलाई लक्षित गरेर फरक प्रस्तावको तयारी गरिरहेका बेला प्रचण्डले त्यसमा आफू नरम रहेको संकेत गरेका हुन् ।

प्रचण्डले भनेका छन्, 'वैचारिक बहसलाई नवौं महाधिवेशनमा टुंगो लगाऔं । हामीभित्र रहेका सबै विचारबारे वैचारिक मोर्चा बनाएर छलफल अहिलेदेखि नै चलाऔं ।'

### खुसी...

प्रतिवेदन प्रस्तुत गर्दै ओलीले ३० असारसम्म प्रधानमन्त्रीमा रहँदासम्म देश समृद्ध बन्दै गरेको, अर्थतन्त्र लयमा फर्किएको र निराशाको मात्रै कुरा गर्न नहुने भाषण गरिरहेका प्रचण्डले सरकारबाट हटेको २ हप्ता नबित्दै नेपाल बंगलादेश जस्तै बन्ने अभिव्यक्ति दिएर गैरजिम्मेवार, गैरकूटनीतिक र अशोभनीय टिप्पणी गर्नु उनको राजनीतिक अवसरवादको भद्दा नमुना भएको आरोप लगाएका छन् ।

'राष्ट्रिय एकता र सामाजिक सद्भावमा आँच पुऱ्याउन माओवादी उद्यत देखिएको, पूर्वराजावादीहरूसँग बाक्लै उठबस गरिरहेको, आफ्नै कार्यकालमा चीनसँग भएको सम्झौतालाई समेत विवादित बनाउन खोजेको देखिएको', प्रतिवेदनमा उल्लेख छ, 'यी घटनाक्रमहरूले माओवादी केन्द्रमा गहिरिँदै गरेको वैचारिक विचलन, राजनीतिक अस्थिरता, अवसरवाद र सरकारबाट बाहिरिनुपरेका पीडाका अभिव्यक्ति हुन् ।'

**कांग्रेसप्रति सन्तुलित**

संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेससँगको सत्ता समीकरण आफ्नो नेतृत्वमा बनेको ६ महिनापछि ओलीले राष्ट्रिय र अन्तर्राष्ट्रिय शक्ति संघर्षबारे सन्तुलित विषय उल्लेख गरेका छन् ।

अस्वस्थ प्रतिस्पर्धा र निषेधले २०५० को दशकमा कांग्रेस र एमालेले पूर्वपञ्चलाई साथ दिँदा पश्चगामी शक्तिको मनोबल उठेको ओलीको भनाइ छ । यसैले प्रतिस्पर्धी पार्टी भए पनि कांग्रेस-एमाले मिल्नुपरेको ओलीको जिकिर छ ।

कांग्रेससँग मिलेर राजनीतिक स्थायित्वको सन्देश, सरकारको साझा संकल्प र नीतिगत प्रतिबद्धताबमोजिमका काम, सरकार संचालनका लागि आवश्यक संरचना गठन गरिएको विषयलाई प्रतिवेदनमा उल्लेख गरेका छन् ।

**'रविविरुद्ध प्रतिशोध छैन'**

ओलीले सहकारी प्रकरणमा सत्ता सहयात्री दलकै नेतासमेत पक्राउ गरिएको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सँग कुनै प्रतिशोध नसाँधिएको पनि उल्लेख गरेका छन् ।

'कतिपय पार्टी वा व्यक्तिहरूले चालू अनुसन्धान र अभियोजनलाई राजनीतीकरण गर्ने एवं आफूहरूप्रतिको पूर्वाग्रह या प्रतिशोध करार गर्ने कोसिस गरिरहेका छन् । तर, यस प्रक्रियामा सत्तारूढ पार्टी सम्बद्ध कतिपय व्यक्तिहरूसमेत अनुसन्धानमा तानिएको, थुनामा परेको या मुद्दा खेपिरहेको घटनाक्रमले त्यस्तो आरोपलाई मिथ्या प्रमाणित गरिसकेको छ', प्रतिवेदनमा उल्लेख छ, 'आफूले गल्ती गरेको छैन भने कोही पनि न्यायिक प्रक्रियाबाट तर्सिनुपर्दैन । गल्ती गरेको भए सडक अदालतले उन्मुक्ति दिन सक्दैन भन्ने कुरा सबैले बुझ्नुपर्छ ।'

सरकारले न्यायिक निरूपणसँगै सहकारी बचतकर्ताको रकम फिर्ताका लागि पनि उत्तिकै संवेदनशीलता देखाएको ओलीको भनाइ छ । ६ हजार बचतकर्ताको १ अर्ब ५५ करोड रुपैयाँ फिर्ता गरिसकेको पनि उल्लेख गरेका छन् । ८ हजार बचतकर्ताको ७० प्रतिशत र २ हजार बचकर्ताको ५० प्रतिशत रकम फिर्ता भएको ओलीले प्रतिवेदनमा उल्लेख गरेका छन् ।

**सरकारका कमजोरी स्वीकार**

६ महिनामा ८ वटा उपलब्धि हासिल गरेको दावी ओलीले गरेका छन् । तर, सँगै २ ठूला दलको शक्तिशाली सरकारले अपेक्षित सफलता हासिल नगरेको विषय पनि उल्लेख गरेका छन् । आफ्नै नेतृत्वको सरकारले ६ महिनामा गरेको काम पर्याप्त नभएको विषय ओलीले प्रस्टै प्रतिवेदनमा उल्लेख गरेका छन् ।

'नयाँ सरकारका केही काम सकारात्मक छन् तर पर्याप्त भने छैनन् । २ मुख्य दलको साझेदारी र अन्य दलहरूसमेतको सहभागितामा बनेको शक्तिशाली सरकारबाट जनताले अझ तीव्र विकास, परिवर्तन र डेलिभरीको अपेक्षा गरिरहेका छन्', प्रतिवेदनमा भनिएको छ, '१ वर्ष बितिसक्दा पनि जाजरकोट र पश्चिम रुकुममा पुनर्निर्माणको काम थालनी नहुनु र असोज दोस्रो साताको बाढीबाट पीडितहरूको पुनर्स्थापनामा ढिलाइ हुनु सोचनीय विषय हो ।'

'विकास निर्माणमा अपेक्षित गति नआउनु र सरकारी सेवा प्रवाह, लगानी तथा व्यावसायिक वातावरणमा अपेक्षित सुधार नआउनु सरकारकासामु तेर्सिएका चुनौती हुन्', ओलीले सरकारका कमजोरी स्वीकार्दै भनेका छन् ।

६ महिनामा ८ वटा मुख्य काम भएका दाबी ओलीले गरेका छन् । सरकारले प्राथमिकतापूर्वक ९ वटा क्षेत्रमा काम गर्ने प्रक्रिया अगाडि बढिसकेको ओलीको दाबी छ । यसमा संविधान कार्यान्वयनको समीक्षा र संशोधनको प्रक्रिया, संविधान तथा कार्यान्वयनको समीक्षा, संसद्मा विचाराधीन १९ वटा विधेयकलाई छिटो पारित गर्न समय तालिका निर्धारण, विद्यमान कानुनमा सुधार, खारेज, बाझिएका कानुनको पहिचान र संशोधनमा काम भएको उनको भनाइ छ । भूराजनीतिका विषयमा खरो टिप्पणी गर्ने प्रवृत्तिका ओली यस पटक एकदमै सन्तुलित रूपमा प्रस्तुत भएका छन् ।

**'उपनिर्वाचनको नतिजा उत्साहजनक भएन'**

सामान्यतया ओली आफ्नो नेतृत्वको कमजोरीलाई स्वीकार्दैनन् । तर, ओलीले स्थानीय तह उपनिर्वाचनको हालैको नतिजा उत्साहजनक नभएको स्वीकारेका छन् ।

'निर्वाचनमा नेकपा एमालेले १ गाउँपालिका, २ उपाध्यक्ष र ५ वडा अध्यक्षसहित ८ स्थानमा जित हासिल गऱ्यो । हामीले जितेका ७ वटा रिक्त भएको अवस्थामा गाउँपालिका अध्यक्ष र उपाध्यक्षसमेत समग्रमा ८ स्थान हासिल गरेको विजय हाम्रा लागि उपलब्धिपूर्ण र सकारात्मक परिणाम हो', ओलीले भनेका छन् ।

यद्यपि, आफूले गरेको अपेक्षाभन्दा यो कम भएको र विगतमा जितेका वडामध्ये एउटामा मात्र विजय कायम हुनु, कीर्तिपुर जस्तो ठाउँमा अपेक्षित परिणाम हासिल नहुनु र शहरिया जनमतमा अपेक्षित आकर्षण बढ्न नसक्नुलाई पार्टीले गम्भीरतापूर्वक लिनुपर्ने उनको मत छ ।

### किन...

इमान्दार प्रयास सफल हुन नसकेको जिकिर गरिएको छ ।

प्रचण्डकै कारण असारदेखि नयाँ राजनीतिक यात्रा प्रारम्भ भएको उनको भनाइ छ ।

प्रधानमन्त्री भएको भोलिपल्टैदेखि प्रचण्डबाट पुरानै चरित्र प्रदर्शन हुन थालेको पनि ओलीको टिप्पणी छ । 'जनताको अभिमतलाई सम्मान गर्दै उपलब्ध विकल्पमध्ये निर्वाचनलगत्तै प्रचण्डलाई प्रधानमन्त्रीमा प्रस्तावित गरेर नयाँ समीकरण निर्माण गरेका थियौं', प्रतिवेदनमा उल्लेख छ ।

त्यसअघि कांग्रेससँग राजनीतिक स्थायित्वका लागि २ मुख्य दल सहकार्यका साथ अघि बढौं भनेर प्रस्ताव गरे पनि त्यो प्रस्ताव कार्यान्यन हुन नसकेपछि बाध्यात्मक विकल्पका रूपमा प्रचण्डलाई निर्वाचनपछि नयाँ सरकारको नेतृत्वमा एमालेले स्वीकारेको ओलीको भनाइ छ ।

'आफूसँग संसद्भित्र जादूको नम्बर रहेको र त्यसको बलमा पाँचै वर्ष सत्ता चलाइरहने' प्रचण्डको भनाइ अस्थिरता, अवसरवाद र सत्तालिप्साको कुरूपता रहेको ओलीको भनाइ छ ।

प्रतिवेदनमा भनिएको छ, 'तर, प्रधानमन्त्री भएको भोलिपल्टदेखि नै प्रचण्डबाट आफ्नो पुरानै चरित्र प्रदर्शन हुन थाल्यो । राष्ट्रपतिको निर्वाचनको बिन्दुसम्म आइपुग्दा त माओवादी केन्द्र दाउपेच, विश्वासघात र शक्ति केन्द्रहरूको दबाब सामु आत्मसमर्पणको तल्लो बिन्दुसम्म ओर्लियो । त्यस स्थितिमा हामी सरकारमा बसिरहन सक्ने अवस्था हुँदैनथ्यो । हामी सरकारबाट बाहिरियौं ।'

प्रचण्डबाट दाउपेच चलिरहेपछि निकास दिन १७ असारमा कांग्रेस र एमालेबीच ७ बुँदे सहमति निर्माण भनेर अहिलेसम्म सोही सरकार यथावत् रहेको ओलीको प्रतिवेदनमा उल्लेख छ ।

### छिमेकीसँग...

पारस्परिक हित एवं समान लाभमाथि आधारित विदेश सम्बन्ध स्थापित गरिने ओलीले जनाएका छन् ।

भारतीय प्रधानमन्त्रीसँगको साइडलाइन वार्ता र चीनसँग भएको बीआरआईलाई सँगै उल्लेख गरेर ओलीले आफूले दुवै छिमेकीसँग सन्तुलन चाहेको बताएका छन् ।

'यी हाम्रा नीति आमरूपमा सही छन् । यिनलाई कार्यान्वयन गर्ने क्रममा केही समय अगाडि संयुक्त राष्ट्रसंघको ७९औं महासभाको साइडलाइनमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच भएको महत्त्वपूर्ण भेटवार्ता र हालै सम्पन्न चीनको औपचारिक भ्रमण तथा त्यस क्रममा भएको बीआरआई सहयोग ढाँचाको दस्तावेजमा हस्ताक्षर महत्त्वपूर्ण छन्', ओलीले प्रतिवेदनमा भनेका छन्, 'यी भेटवार्ता र भ्रमणले नेपालको छिमेक सम्बन्धलाई सुदृढ गर्न अर्थपूर्ण योगदान गरेका छन् ।'

ओलीको प्रतिवेदनमा मुलुकको अर्थतन्त्र सुधार हुँदै गएको दाबी पनि गरिएको छ । राजनीतिक स्थायित्वको सन्देश र बलियो सरकार गठनसँगै निजी क्षेत्रको विश्वास अभिवृद्धि गरेको प्रतिवेदनमा जनाइएको छ । वर्तमान सरकारले अर्थतन्त्रलाई ओरालो लाग्नबाट रोकेर क्रमशः सकारात्मक दिशामा अगाडि बढाएको प्रतिवेदनमा भनिएको छ ।

ओलीले छिमेकी मित्र राष्ट्रसँग रहेका विद्यमान समस्याहरूको समाधान कूटनीतिक माध्यमबाट गरिने उल्लेख गरेका छन् । नेपालको आवश्यकतालाई केन्द्रमा राखेर वैदेशिक सहायता लिने भन्दै ओलीले दुवै छिमेकीलाई सन्तुलनमा राख्ने भाषा प्रतिवेदनमा उल्लेख गरेका छन् ।

### घोषणा...

साढे ३ महिनाकी जानकी परियारका नाममा राष्ट्रिय वाणिज्य बैंकमा खाता खोलेर सो कार्यक्रमको शुभारम्भ गरेका थिए ।

सुरुमा लोकप्रिय मानिएको यो कार्यक्रमबारे निकै चर्चा पनि भयो । तर, यो कार्यक्रमले सुरुका २ आर्थिक वर्षबाहेक त्यसपछि निरन्तरता पाउन सकेको छैन ।

आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम र बजेटमा कर्णाली प्रदेशभित्र जन्मिएका छोरीको बैंक खाता खोल्ने कार्यक्रम ल्याएको थियो । छोरीमाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्न र न्यूनतम माध्यमिक शिक्षासम्मको पहुँचसम्म पुऱ्याउने उद्देश्यले सुरु गरिएको 'बैंक खाता छोरीको : सुरक्षा जीवनभरीको' कार्यक्रम २ वर्षदेखि भने अलपत्र परेको हो ।

१ साउन २०७६ यता जन्मिएका छोरीको खाता खोल्दा सुरुमा १ हजार र त्यसपछि मासिक ५०० रुपैयाँ जम्मा गरिदिने उद्देश्यले यो कार्यक्रम लागू गरिएको थियो । कार्यक्रम कार्यान्वयन गर्ने सामाजिक विकास मन्त्रालय हो भने बजेट अर्थ मन्त्रालयले पठाउने हो । बजेट नपठाइए पनि बैंक खाता खोल्ने क्रम भने जारी छ ।

विशेषगरी उच्च शिक्षासम्म छोरीको पहुँच वृद्धि र बालविवाह न्यूनीकरण गर्ने ध्येयले सुरु गरिएको 'बैंक खाता छोरीको : सुरक्षा जीवनभरीको' कार्यक्रम अलपत्र पर्नुका धेरै कारणहरू छन्, जसमा कार्यक्रम कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालयमा छुट्टै फाँट तथा कर्मचारी नहुनु प्रमुख कारण भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

त्यस्तै, स्थानीय तहसँग नियमित समन्वय नहुनु, अख्तियारी ढिलो जानु, छोरीहरूको समय सीमाभित्र खाता नखोलिनुलगायत कारण कार्यक्रमको प्रभावकारिता कम देखिएको थियो । २० वर्षसम्म अनुत्पादक क्षेत्रमा प्रदेश सरकारको ठूलो रकम लगानी हुनु पनि एक कारण भएको मन्त्रालयको भनाइ छ ।

'कार्यक्रम कार्यान्वयनका लागि प्रदेश र स्थानीय सरकार दुवैको प्रभावकारी समन्वय पनि हुन सकेन', मन्त्रालयका एक कर्मचारीले भने, 'मन्त्रालयमा मन्त्रीहरू पनि फेरिने र बजेटमै कम प्राथमिकता दिँदा पनि कार्यक्रम कार्यान्वयनमा समस्या भएको हो । यस वर्ष संचालनमा ल्याउनुपर्छ भनेर लागिपरेका छौं ।'

यता, कर्णालीका अर्थमन्त्री राजीवविक्रम शाहले सुधार गरेर जानुपर्छ भनेकाले अर्थमा यो कार्यक्रम रोकिएको बताए । साथै, उनले करोडौं रकम भार हुने भएकाले पनि पुनर्विचार गरिनुपर्ने प्रस्ट पारे । सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले यस कार्यक्रमका लागि मुख्यमन्त्री कार्यालयका सचिव आनन्द सारुको नेतृत्वमा विधेयकको तयारी भइरहेको जानकारी दिए ।

**अर्थ मन्त्रालयमै थन्कियो रकम**

आर्थिक वर्ष २०७६/०७७ मा ३ करोड ८४ लाख र आर्थिक वर्ष २०७७/०७८ मा ६ करोड रुपैयाँ स्थानीय तहमार्फत कर्णालीका ११ हजार ४१५ छोरीको खातामा जम्मा गरिएको थियो । यो कार्यक्रम कार्यान्वयनका लागि पहिलो आर्थिक वर्ष २०७६/०७७ मा ७ करोड बजेट पालिकाहरूमा पठाइएको थियो ।

यस्तै, २०७७/०७८ मा १२ करोड ६० लाख, २०७८/०७९ मा १६ करोड, २०७९/०८० मा २० करोड विनियोजन गरियो । आर्थिक वर्ष २०८०/०८१ मा यसका लागि २५ करोड बजेट विनियोजन गरिएको थियो । यद्यपि, सरकारले कार्यक्रम परिमार्जन गरेर कार्यान्वयन नगर्दा २ आर्थिक वर्षको बजेट अर्थ मन्त्रालयमै थन्किएको छ ।

### आर्थिक...

हो', ती कर्मचारीले भने ।

उनका अनुसार कार्यक्रम कसरी संचालन गर्ने भन्ने कार्यविधि पनि भएन । कार्यक्रम रोकिएको २ वर्षभन्दा पनि बढी भइसकेको बताउँदै कार्यक्रम संचालन हुन अझै धेरै समय लाग्ने ती कर्मचारीले बताए ।

### मलेसियामा...

प्रक्रिया पूरा गर्न असफल हुने रोजगारदाता र विदेशी कामदारप्रति थप उदारता नदेखाउने गृहमन्त्री सैफुद्दिनले बताएका छन् ।

मलेसियाले रिक्यालिब्रेसन २.० कार्यक्रमअन्तर्गत हालसम्म ११ लाख विदेशी कामदारले अनलाइन दर्ता गरेका बताएको छ । त्यसमध्ये ५ लाख १८ हजार वैधानिक कागजातबिना बसेका आप्रवासी कामदारहरूलाई उत्पादन, निर्माण, खेती, कृषि र सेवा क्षेत्रहरूमा नयाँ वर्क पर्मिट जारी गरिएको बताइएको छ ।

# संसद् अधिवेशनमा ३० वटा विधेयक पारित गर्ने तयारी



**काठमाडौं/मस–** संसदको आगामी हिउँदे अधिवेशनमा ३० वटा विधेयक पारित गर्ने सरकारले तयारी गरेको छ।

अहिले संसदमा १९ वटा विधेयकहरू छन्। जसमा केही विधेयकहरू सरकारले थप गरेर करिव ३० वटा भन्दा विधेयक आगामी अधिवेशनबाट पारित गर्नेगरी काम सुरु भएको नेपाली कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले बताए।

संसदमा रहेका १९ वटा विधेयकबाहेक सरकारले संघीय प्रहरीसम्बन्धी दुईवटा र अर्थ सम्बन्धी केही विधेयकहरू गरी ११/१२ वटा विधेयक संसदमा दर्ता गराउने तयारी गरेको हो।

घिमिरेले भने, 'अहिले १९ वटा विधेयक संसदमा छन्। त्यसमध्ये १५ वटा विधेयक संसदीय समितिमा र ४ वटा विधेयक राष्ट्रिय सभामा छ। यो १९ वटै विधेयक पारित गर्दै सरकारले अरु ११/१२ वटा विधेयक अरु दिन्छु भनेको छ। लगभग ३० वटा विधेयक यो आउने सत्रबाट पास गर्ने लक्ष्य छ।'

प्रमुख सचेतक घिमिरेले संसदीय समितिमा गणपूरक संख्या नपुग्दा बैठक बस्न नसकेको बताए।

# संक्रमणकालीन न्याय ऐनविरुद्ध सर्वोच्चमा नयाँ रिट दर्ता



**काठमाडौं/मस–** संक्रमणकालीन न्यायसम्बन्धी ऐनविरुद्ध सर्वोच्च अदालतमा नयाँ रिट निवेदन दर्ता भएको छ। अधिवक्ता ज्ञानेन्द्र आरण र कुलबहादुर लिम्बुसहित ४४ जनाले आइतबार सर्वोच्चमा रिट दर्ता गराएका हुन्।

रिट दर्ता भएको र पेसी तोकिन बाँकी रहेको सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुइँकेलले जानकारी दिए। रिटमा संक्रमणकालीन न्याय ऐनको पुरानो कानुनअनुसार उजुरी रहेको तर अहिले नयाँ बन्दा अनुसन्धान नै त्रुटिपूर्ण हुने देखिएकाले नयाँ ऐन बदरको माग गरिएको छ।

यसअघि पनि संक्रमणकालीन न्याय ऐन खारेजीको माग गर्दै सर्वोच्च अदालतमा रिट दर्ता भएको थियो। अधिवक्ता ज्ञान बस्नेत र श्यामकृष्ण मास्केले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन पीडकमैत्री भएको भन्दै रिट दायर गरेका थिए।

# मधेश केन्द्रित दलसँग सहकार्यका लागि लोसपाको समिति



**काठमाडौं/मस–** लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले मधेश केन्द्रित राजनीतिक दलहरूसँग सहकार्य गर्न ५ सदस्यीय समिति गठन गरेको छ।

लोसपाले संवाद, सहकार्य, कार्यगत एकता र पार्टी एकिकरणका लागि पार्टीका वरिष्ठ उपाध्यक्ष जितेन्द्र सोनलको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरेको हो।

लोसपाका केन्द्रीय अध्यक्ष महन्थ ठाकुरले जारी गरेको प्रेस विज्ञप्तिमा लोसपाका मधेस प्रदेश अध्यक्ष तथा मधेस प्रदेशका पूर्वमन्त्रीसमेत रहेका सोनलसहित वरिष्ठ उपाध्यक्ष उमाकान्त झा, उपाध्यक्ष रामप्रकाश चौधरी, महासचिवद्वय सुरेन्द्र कुमार झा र मनिष कुमार मिश्र रहेको समिति गठन गरेको उल्लेख छ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संसथागत गर्दै थप राजनीतिक अधिकार प्राप्तिका लागि संघर्षशील राजनीतिक शक्तिहरूबीच संवाद, सहकार्य र कार्यगत एकता आजको आवश्यकता भएको भन्दै लोसपाले मधेस केन्द्रित राजनीतिक दलहरूसँग कार्यगत एकतादेखि विचार मिल्ने पार्टी एकीकरणसम्मको सम्भावनाको खोजी तथा परिणाममुखी बनाउनका लागि समिति गठन गरिएको जनाएको छ।

यसअघि उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले कार्यकारिणी बैठकबाट मधेशका दलहरूबीच सहकार्य र एकता गर्न राजकिशोर यादवको नेतृत्वमा समिति बनाएको थियो। त्यस्तै सीके राउतको जनमत पार्टी र रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टीबीच सहकार्य प्रयास चलिरहेको छ।

यस्तै जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले पनि एकता अपील गर्दै मधेशी शक्तिहरूबीच संवाद थालेका छन्।

# विशेष अदालतको फैसलाविरुद्ध अख्तियार सर्वोच्च पुग्यो



**काठमाडौं/मस–** धनुषाको शहीदनगर नगरपालिकाका तत्कालीन नगर प्रमुख उदय कुमार बरबरियासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ।

तत्कालीन नगर प्रमुख बरबरिया यादव, उपप्रमुख शिलादेवी कापरी, तत्कालीन लेखा समितिका संयोजक जैसिलाल भिनवार यादव, सुशासन समितिका संयोजक कन्हैया मुखिया, प्रमुख प्रशासकीय अधिकृत राम किशोर महतो, इन्जिनियर संजय यादव, वडा अध्यक्ष तनुकलाल कुसियत यादव, योजना शाखा प्रमुख विन्देश्वर यादवउपरविरुद्धको भ्रष्टाचार मुद्दामा विशेष अदालतले गरेको फैसला आयोगलाई चित्त नबुझेपछि सर्वोच्चमा पुनरावेदन गरेको हो।

उनीहरूले फिल्डमा नगरेको कामलाई समेत भएको भनी कम कामलाई बढी काम भएको देखाई गलत अनुगमन प्रतिवेदन तयार पारी बढी भुक्तानी गरेको अख्तियारको ठहर छ। अख्तियारले उनीहरू उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवानासमेत हुन माग गरेको थियो।

उनीहरू विरुद्ध अख्तियारले २ लाख १२ हजार ८१६ रुपैयाँ २३ पैसा बिगो कायम गरी विशेष अदालतमा दायर गरेको मुद्दामा विशेषले १६ फागुन २०८० मा गरेको फैसलाबाट सफाई दिएको थियो।

# संस्कृत विश्वविद्यालयको सम्पत्ति खोजबिन प्रतिवेदन पेस



**काठमाडौं/मस–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईसमक्ष नेपाल संस्कृत विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन समिति, २०८१ ले आफ्नो प्रतिवेदन पेश गरेको छ।

उच्च अदालतका पूर्वन्यायाधीश शेखरप्रसाद पौडेलको संयोजकत्वमा शिक्षा मन्त्रालयमा मन्त्री भट्टराईसमक्ष सो प्रतिवेदन हस्तान्तरण गरिएको हो।

त्यस अवसरमा मन्त्री भट्टराईले प्रतिवेदन कार्यान्वयनका लागि स्थानीय सरोकारवाला, राजनीतिक नेतृत्व र विश्वविद्यालयको सक्रिय भूमिका आवश्यक पर्ने उल्लेख गर्दै प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न सबैलाई धन्यवाद ज्ञापन गरिन्। प्रतिवेदन विश्वविद्यालयका कुलपति तथा प्रधानमन्त्री केपी शर्मा ओलिलाई हस्तान्तरण गरिने मन्त्री भट्टराईले जानकारी दिइन्।

प्रतिवेदन मन्त्रिपरिषद्को गत २० असारमा बसेको बैठकको निर्णयानुसार गठित सो समितिले नेपाल संस्कृत विश्वविद्यालयको दाङ जिल्लाका विभिन्न स्थानमा अवस्थित जग्गा तथा भौतिक पूर्वाधारको स्थलगत अवलोकन, विश्वविद्यालय पदाधिकारी तथा कर्मचारीसँगको छलफल तथा अन्तरक्रिया एवं विभिन्न निकायसँगको समन्वयका आधारमा आवश्यक सूचना सङ्कलन गरी तयार पारिएको हो।

# जाडो बढेपछि विद्यालय बिदा

**कपिलवस्तु/मस–** चिसो बढेपछि कपिलवस्तुका ६ स्थानीय तहले विद्यालयमा बिदा दिएका छन्। आइतबारदेखि स्थानीय तहमा संचालित सामुदायिक, संस्थागत र धार्मिक विद्यालयमा बिदा दिइएको हो।

कपिलवस्तु र शिवराज नगरपालिकाले २१ पुसदेखि ४ माघसम्म बिदा दिएका छन् भने शुद्धोधन गाउँपालिकाले २१ पुसदेखि २९ पुससम्म र मायादेवी गाउँपालिकाले २१ पुसदेखि ८ माघसम्म बिदा दिएको छ।

त्यस्तै बुद्धभूमि नगरपालिकाले २१ पुसदेखि ११ माघसम्म तथा यशोधरा गाउँपालिकाले २१ पुसदेखि ४ माघसम्म बिदा दिएको छ। हिउँदे बिदाबाट कट्टा हुने गरी विद्यालयमा बिदा दिइएको कपिलवस्तु नगरपालिकाका नगर प्रमुख सुदीप पौडेलले बताए। ५/६ दिनदेखि घाम नलागेर कठ्यांग्रिने चिसो बढेपछि विद्यालय बन्द गरिएको हो। दिउँसोसम्म हुस्सु लाग्दा हिँडडुल गर्न समस्या पर्ने र बालबालिकालाई विद्यालय आउन जान असहज हुने भएकाले बिदा दिइएको कपिलवस्तु नगरपालिकाका शिक्षा शाखा प्रमुख हरि पराजुलीले बताए। तराईमा बाक्लो हुस्सुका कारण विद्यालयका सवारी साधन चलाउनसमेत समस्या भएकाले जाडो बिदाका रूपमा विद्यालय बन्द गरिएको हो। जाडो बढेपछि जिल्लाका मुख्य बजारमा खासै चहलपहल छैन। सर्वसाधारण चोकचोकमा आगो तापेर बसिरहेका छन्। मानिस घरैभित्रै खुम्चिएर बसेका छन्। अत्यावश्यक कामबाहेक मानिसहरू घरबाहिर निस्किएका छैनन्।

# दोस्रो दक्षिण एसियाली पुस्तक प्रदर्शनी सम्पन्न



**काठमाडौं/मस–** काठमाडौंको भृकुटीमण्डपमा आयोजना गरिएको दोस्रो दक्षिण एसियाली अन्तर्राष्ट्रिय पुस्तक प्रदर्शनी सम्पन्न भएको छ। सभामुख देवराज घिमिरेका आतिथ्यमा प्रदर्शनीको समापन भएको हो।

१५० भन्दा धेरै स्टल रहेको प्रदर्शनी बुधबार सुरु भएको थियो। नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघका अध्यक्ष शिव सागरले पठन संस्कृतिको विकास र पठन शैलीको निरन्तरताका लागि प्रदर्शनी आयोजना गरिएको बताए।

प्रदर्शनीमा चीन, भारत, जिम्बावे, थाइल्यान्ड, श्रीलंका, क्यानडा र बंगलादेशलगायतका प्रकाशक तथा लेखकहरू काठमाडौं आएका थिए।

# सेनाको गोरखा–काठमाडौं पदयात्रा



**गोरखा/मस–** नेपाल एकीकरणका क्रममा प्रयोग गरिएको पदमार्गको प्रचार-प्रसारका लागि नेपाली सेनाको एक टोली आइतबार गोरखा-काठमाडौं पदयात्रामा निस्किएको छ।

गोरखाबाट सुरु भएको एकीकरण पदयात्रा धादिङ, नुवाकोट हुँदै यही पुस २७ गते पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा काठमाडौंको हनुमान ढोका दरबारमा आयोजना हुने विशेष समारोहमा सहभागी भएर समापन हुने नेपाली सेना रिपुर्मदन गण गोरखाका गणपति प्रमुख सेनानी अशोककुमार क्षेत्रीले जानकारी दिए।

गोरखा दरबारस्थित तत्कालीन राजा पृथ्वीनारायण शाहले गोरखा राज्य विस्तारका क्रममा प्रयोग गरेको पैदलमार्गमा नेपाली सेनाले पदयात्राको थालनी गरेको हो। 'एकीकरण पदयात्राले ऐतिहासिक पदमार्गको व्यापक प्रचारप्रसार हुनेछ', प्रमुख क्षेत्रीले भने, 'इतिहासको संरक्षण, सम्बन्धन र प्रवर्द्धनका लागि पदयात्रा कार्यक्रमको आयोजना गरिएको हो।'

दरबारस्थित हनुमान भञ्ज्याङ चौताराबाट नेपालको राष्ट्रिय झण्डा र लाइट बोकेर सेनाको टोली पदयात्रामा निस्किएको प्रमुख सेनानी क्षेत्रीले बताए। पृथ्वीनारायण शाहले खडा गरेको तत्कालीन नेपाली सेनाको पहिलो पाँच कम्पनी श्रीनाथ गण, कालीबक्स गण, पुरानो गोरख, बर्दबहादुर गण र सुवज गणको झण्डासमेत बोकेर सेनाले बोकेको छ।

सेनाले गोरखा नगरपालिका, भीमसेन थापा गाउँपालिकासँगको सहकार्यमा एकीकरण पदयात्राको थालनी गरेको हो। गोरखाबाट निस्किएको टोलीले आज धादिङस्थित सेनाको टोलीलाई गोरखाबाट लिएर गएको राष्ट्रिय झण्डा र लाइट हस्तान्तरण गर्नेछ भने धादिङको टोलीले नुवाकोटस्थित सेनाको टोलीलाई गोरखाबाट लिएर गएको राष्ट्रिय झण्डा र लाइट हस्तान्तरण गर्नेछ।

त्यस्तै नुवाकोटको सेनाको टोलीले गोरखाबाट लगिएको झण्डा र लाइट काठमाडौंको सेनाको टोलीलाई हस्तान्तरण गर्ने उनले बताए। वर्तमान नेपाल एकीकरणको अभियानका क्रममा पृथ्वीनारायण शाहले प्रयोग गरेको बाटोलाई नेपाली सेनाले गएको छ वर्षदेखि एकीकरण पदमार्गको रूपमा विकास गर्दै प्रचारप्रसारका लागि पदयात्रा गर्दै आएको छ।

पदयात्रामा निस्किएको टोलीलाई नेपाली सेना पश्चिम पृतनापति एवं उपरथी मधुकर सिं कार्की, जिल्ला समन्वय समिति गोरखाका प्रमुख मोहन थापामगर, गोरखा नगरपालिकाका नगरप्रमुख कृष्णबहादुर रानामगर, प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेल, गोरखा नगरपालिकाकी उपप्रमुख मसलीमाया थोकर, गोरखा दरबार हेरचाह अड्डाका प्रमुख विष्णु पाठकलगायतले एक कार्यक्रमकाबीच बिदाइ गरेका छन्।

# खुम्बू क्षेत्रमा उडान स्थगन



**काठमाडौं/मस–** सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने खुम्बु पासाङ ल्हामु गाउँपालिकालगायतका स्थानीय समूहले धम्की दिएको भन्दै वायुसेवा सञ्चालक संघले त्यस क्षेत्रमा हुने सबै हेलिकोप्टर तथा जहाजका उडान अनिश्चितकालका लागि स्थगन गरेको छ।

संघका प्रथम उपाध्यक्ष प्रतापजंग पाण्डेले आइतबारदेखि त्यस क्षेत्रमा हुँदै आएका उद्धार, चार्टर तथा व्यावसायिक उडान स्थगन भएको बताए।

हेलिकोप्टर उडानले वातावरण तथा निकुञ्जको वन, वातावरण तथा वन्यजन्तुको सुरक्षा तथा बासस्थानमा चुनौती थपिएको भन्दै १७ पुसदेखि उद्धारबाहेक पर्यटकका लागि हुने चार्टर उडान रोकिएको हो। यसैलाई सञ्चालन गर्न शुक्रबार गृहमन्त्री रमेश लेखक, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीसहित सरोकारवालाहरूको बैठक बसेको थियो। बैठकले प्रमुख जिल्ला अधिकारीलाई समस्या हल गर्न निर्देशन दिएको थियो।

यसैबीच स्थानीय युवा समूह, क्लबलगायत सरोकारवालाहरूले हेलिकोप्टर अवतरण भएमा चालकलाई समातेर कारबाही गर्ने जस्ता अभिव्यक्ति सञ्चारमाध्यममार्फत व्यक्त गरेका कारण हेलिकोप्टर सुरक्षाको पूर्ण प्रत्याभूति नभएसम्म त्यस क्षेत्रका सबै उडान वायुसेवा कम्पनीले अनिश्चितकालका लागि स्थगन गरेको पाण्डेले विज्ञप्तिमार्फत जनाएका छन्।

१ जनवरीदेखि उनीहरूले त्यस क्षेत्रमा आपत्कालीन उडानबाहेक अरू उडान गर्न नपाइने भन्दै हाल खुम्बु क्षेत्रका हेलिप्याडमा स्थानीयले झण्डा गाडेर अवरोध गरेका छन्।

**संगीत तथा चलचित्र उत्पादक समाज नेपालको**
**वार्षिक साधारणसभासम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित २०८१/०९/२२**

संगीत तथा चलचित्र उत्पादक समाजको ८ र ९ औं वार्षिक साधारणसभा निम्न विषय, मिति, स्थान र समयमा हुने भएकाले सम्पूर्ण सदस्य महानुभावहरूमा उपस्थितिका लागि अनुरोध छ। साथै, सदस्यता नवीकरण गर्न वा नयाँ सदस्यता लिन चाहनेहरूले यही पौष मसान्तभित्र गरी/लिइ साधारण सभामा भाग लिनुहुन समेत अनुरोध गरिन्छ।

**तपशिलः**

१. **साधारण सभामा छलफल हुने विषयः**
   क) समाजको विधान संशोधन सम्बन्धमा।
   ख) महासचिव र कोषाध्यक्षको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
   ग) लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा।
   घ) विविध सम्बन्धमा।
   ङ) निर्वाचन कार्यक्रम सम्बन्धमा।

२. **साधारणसभाको कार्यक्रमः**
   क) **मिति** : २०८१ माघ २५ गते शुक्रबार
   ख) **समय** : बिहान ११:०० बजे
   ग) **स्थान** : तमु बौद्ध सेवा समिति नेपाल, अनामनगर, काठमाडौं।

**सुनिल लामिछाने**
**महासचिव**

**धनगढी उप–महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धनगढी, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**विषयः ढुंगा, गिट्टी, वालुवा, भरान र ग्राभेलको बिक्री कर संकलनका लागि विद्युतीय बोलपत्र वा HARD COPY आव्हानको सूचना।**

**तेश्रो पटक प्रकाशित मितिः २०८१/०९/२२**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ (क) बमोजिम धनगढी उपमहानगरपालिका क्षेत्र भित्र भएर बग्ने मोहना, खुटीया र शिवगंगा नदी / खोलाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले तोकेका १३ वटा घाट स्थलहरूबाट धनगढी उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ को दफा १५ अनुसूची १३ बमोजिम ढुंगा, गिट्टी, बालुवा, भरान र ग्राभेलको संकलन र उत्खननमा बिक्रीकर (रोयल्टी) संकलन गर्नका लागि ईच्छुक फर्म वा कम्पनीहरूको जानकारीको लागि सूचना बमोजिमको 'शर्तको अधिनमा रही विद्युतीय बोलपत्र वा HARD COPY आव्हानको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै यो सूचनाको विस्तृत विवरण धनगढी उ.म.न.पा. को वेभसाइट www.dhangadhimun.gov.np वा www.bolpatra.gov.np.egp बाट हेर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## सम्पादकीय

# प्रणाली भत्काउने रहर

पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन 'पासाङ' अन्ततः राजनीतिक गतिविधिमा सक्रिय भएका छन् । केही समयदेखि पार्टी मुख्यालय जाने र नेताहरूसँग सम्वादमा बस्ने गरिरहेका पूर्वउपराष्ट्रपति पुनले नेकपा (माओवादी केन्द्र)का स्थायी समिति र केन्द्रीय समिति बैठकमा भाग लिएका छन् । दुवै समितिका बैठकमा उनी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँगै कुम जोडेर बसेका थिए । मुलुककै शीर्ष अहोदामा दोहोरिएर बसेका पुनः फेरि सक्रिय राजनीतिमा आउँदाको लाभ-हानिबारे अहिले राजनीतिक वृत्तमा चर्को बहस भइरहेको छ । पूर्वउपराष्ट्रपति पुन मात्र नभएर पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पनि सक्रिय राजनीतिमा आउने अनुमान गरिँदै छ । नेकपा एमालेको केन्द्रीय कमिटी बैठकको पूर्वसन्ध्यामा प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी शर्मा ओली पूर्वराष्ट्रपति भण्डारीलाई भेट्न बूढानीलकण्ठ पुगेका थिए ।

पूर्वराष्ट्रपतिसँगको भेटबारे एमाले नेताहरूले कुनै प्रतिक्रिया जनाएका छैनन् । प्रधानमन्त्री एवं अध्यक्ष ओलीले पनि जबाफ दिएका छैनन् । तर, निकट विगतका गतिविधिहरूका आधारमा विद्या भण्डारीसँग राजनीतिक विषयमै छलफल गर्न प्रधानमन्त्री ओली बूढानीलकण्ठ पुगेका अनुमान गरिन्छ । अझ पूर्वराष्ट्रपति भण्डारीसँग सम्वादका निम्ति बूढानीलकण्ठ गएको सूचना प्रधानमन्त्री ओलीकै सचिवालयबाट सार्वजनिक भयो । यदि गोप्य राख्न चाहेको भए असंभव थिएन । तर, विद्या भण्डारी सक्रिय राजनीतिमा फर्कन सक्ने अनुमानलाई बल दिनेगरी एमाले नेताहरूले लगातार गतिविधि गरिरहेका छन् । स्वयं पूर्वराष्ट्रपति भण्डारीले पनि सक्रिय राजनीतिमा फर्कने संभावना कायमै रहेको सार्वजनिक वक्तव्य दिँदै आएकी छन् । कानुनतः भण्डारी र पुनलाई सक्रिय राजनीतिमा फर्कन बाधा छैन ।

तर, मुलुकको अभिभावकीय पदमा २/२ पटक बसिसकेका व्यक्तिहरू सक्रिय राजनीतिमा फर्कंदा त्यसको असर सकारात्मक मात्र पर्ने देखिँदैन बरू निष्पक्ष पदहरू विवादमा पर्ने संभावना रहन्छ । कार्यकाल सकिएपछि सक्रिय राजनीतिमा फर्कने योजना बहालवालाहरूबाटै बन्न सक्छ । सोही योजनाबमोजिम काम हुन थालेमा राज्य शक्ति सन्तुलन बिग्रन पुग्छ । संवैधानिक र तटस्थ पदमा बस्नुपर्नेहरूले भविष्यको लाभ-हानि हेरेर पूर्वाग्रहमा निर्णय लिन सक्छन् । त्यस्तो परिस्थितिमा विधिको शासन र संविधानको सर्वोच्चता कमजोर हुन सक्छ । कार्यकारी प्रमुखले कामै गर्न नसक्ने अथवा कानुनी शासनप्रतिको प्रतिबद्धता धर्मराउन सक्छ । एक प्रकारले विधिविहीनता र पक्षपातपूर्ण निर्णयले प्रश्रय पाउन सक्छ । तसर्थ, सकेसम्म मुलुकको अविभावकीय भूमिकामा रहेका र अरू संवैधानिक निकायको नेतृत्वमा रहेकाहरूले सक्रिय राजनीतिको रहर नगरेको राम्रो ।

# शिक्षाभित्रको बहस र शिक्षक

अहिले युवाहरू जे जसरी पलायन भइरहेका छन्, यसको पछाडि गुणस्तरी शिक्षाको अभाव देखिन्छ । यसलाई सम्बोधन गर्न हामी चुकिरहेका छौं । अहिलेको सन्दर्भमा शिक्षक सही नहुँदा पनि समस्या आइरहेको प्रति कुनै दुविधा छैन...

अग्रलेख



● राजन तिमिल्सिना

शिक्षक एक यस्तो व्यक्ति हो, जसले ज्ञान, सीप र विचारलाई व्यवस्थित, तार्किक र प्रभावकारी ढंगले सम्प्रेषण गरी विद्यार्थीहरूको बौद्धिक, भावनात्मक र सामाजिक विकासमा योगदान पुऱ्याउन मद्दत गर्छ । शिक्षकले शैक्षिक सिद्धान्त, मनोविज्ञान र शिक्षणका वैज्ञानिक विधिहरू प्रयोग गरी शिक्षण प्रक्रिया संचालन गर्नुपर्छ ।

शिक्षकलाई 'ज्ञानको उत्प्रेरक' पनि मान्न सकिन्छ, जसले विद्यार्थीहरूलाई तार्किक सोच, सिर्जनशीलता र आत्मनिर्भरता हासिल गर्न प्रेरित गर्छ । शिक्षकले शिक्षण प्रक्रियामा विद्यार्थीलाई केन्द्रमा राख्दै उनीहरूको पूर्ण व्यक्तित्व विकास गराउनेतर्फ केन्द्रित हुनपर्छ । उनीहरूले परम्परागत शिक्षण पद्धतिलाई परिमार्जन गरी आधुनिक, समावेशी, व्यावहारिक र जीवन उपयोगी शिक्षा प्रदान गर्न विशेष भूमिका खेल्नुपर्छ ।

शिक्षकले विद्यालयलाई ज्ञानको केन्द्र मात्र नभई जीवनको प्रयोगशाला बनाउन मद्दत गर्दै विद्यार्थीलाई भविष्यका चुनौतीहरूसँग सामना गर्न सक्षम बनाउँन प्रयासरत हुनुपर्छ ।

शिक्षकले विज्ञान, प्रविधि र अनुसन्धानलाई शिक्षाको केन्द्रमा ल्याउँदै विद्यालयहरूमा हुने रूढिवादी गतिविधिहरूलाई निरुत्साहित गर्नुपर्छ । प्रयोगात्मक शिक्षाको अभावले विद्यार्थीहरूलाई नवप्रवर्तनशील र तर्कसंगत बनाउने प्रक्रियामा अवरोध खडा गरेको हुन्छ ।

शिक्षकको शिक्षण कौशल प्रभावकारी र छात्र केन्द्रित हुनुपर्छ । यसले विद्यार्थीहरूलाई जिज्ञासु, रचनात्मक र व्यावहारिक रूपमा सोच्न उत्प्रेरित गर्न सहयोग पुऱ्याउन सकोस् ।

शिक्षकहरूमा विषयको गहिरो ज्ञान, भौतिक जगत्, मानव समाज र विज्ञानका सिद्धान्त, अवधारणा र तथ्यहरूबारे यथेष्ट जानकारी हुनुपर्छ । विभिन्न विषयहरू, जस्तै : विज्ञान, इतिहास, समाजशास्त्र, गणित, अर्थशास्त्र, भाषा र सम्बन्धित विषयका बारेमा अतिरिक्त ज्ञान भएन भने शिक्षकले आफ्नो दायित्व निर्वाह गर्न सक्दैन ।

विज्ञान शिक्षकमा विज्ञान विभिन्न शाखाहरू, जस्तै : भौतिक विज्ञान, रसायन विज्ञान, जीव विज्ञान, इलेक्ट्रोनिक विज्ञान, खगोल विज्ञान, कम्प्युटर विज्ञान, परमाणु विज्ञान, यन्त्र विज्ञान आदिको आधारभूत ज्ञान हुनु आवश्यक हुन्छ । विज्ञानका जटिल विषयहरूलाई प्रयोगात्मक तथा सरल तरिकामा प्रस्तुत गर्न सक्ने क्षमतासमेत हुनुपर्छ ।

शिक्षकसँग नयाँनयाँ जानकारी, प्रविधि र पद्धतिहरूका बारेमा अनुसन्धान गर्न र नवीन ज्ञान प्राप्त गर्न सधैं उत्सुकता र इच्छाशक्ति हुनुपर्छ । विद्यार्थीहरूलाई तथ्यका आधारमा अनुसन्धान पद्धतिद्वारा अध्यापन गराई सोही पद्धतिअनुसार सिक्न प्रेरित गर्नुपर्छ । शिक्षकले सम्बन्धित विषयका अवधारणाहरूलाई रोचक रचनात्मक र कलात्मक ढंगले प्रस्तुत गर्न सक्नुपर्छ ।

शिक्षकले पठनपाठन प्रक्रियामा प्रयोगशालाको प्रयोग, शारीरिक व्यायामहरू, विभिन्न वैज्ञानिक, समाजशास्त्री, अन्वेषक, अध्येता, खोजकर्ताहरूका नयाँनयाँ तथ्यहरूलाई उदाहरण दिएर प्रस्टचाउन सक्नुपर्छ ।

शिक्षकको संवाद कौशल उच्चस्तरीय हुनुपर्छ । आफ्नो पाठचक्रमका जटिल विषयहरूलाई सरल, स्पष्ट, तथ्यपरक र रोचक तरिकाले बुझाउन सक्षम हुनुपर्छ ।

शिक्षकले विद्यार्थीहरूका प्रश्नहरूको धैर्यपूर्वक सही उत्तर दिनु, उनीहरूको विचार र दृष्टिकोणलाई सम्मान गर्नु र उनीहरूको कमजोरीलाई सुधार्ने अवसरका रूपमा लिन सक्ने हुनु आवश्यक छ । शिक्षकले कम्प्युटर, इन्टरनेट र अन्य डिजिटल स्रोतहरूको ज्ञान र प्रभावकारी प्रयोग गर्न जान्नुपर्छ ।

इ-लर्निङ, अनलाइन स्रोत र डिजिटल उपकरणहरूको उपयोग गरेर शिक्षण विधिलाई अझ प्रभावकारी र परिणाममुखी बनाउन सक्नुपर्छ । शिक्षकले विद्यार्थीहरूलाई विज्ञानप्रति रुचि बढाउने, खोज, अनुसन्धान गर्ने, प्रयोगात्मक विधि अपनाउन र उनीहरूको जिज्ञासालाई बढावा दिने वातावरण सिर्जना गर्न सक्षम हुनुपर्छ ।

विज्ञानका नयाँ अनुसन्धान र खोजहरू निरन्तर परिवर्तनशील हुन्छन् । शिक्षकले यस किसिमको परिवर्तनलाई सहजै स्वीकार गर्न सक्ने र शिक्षण विधिमा समायोजन गर्न सक्नुपर्छ । शिक्षकले इमानदारी, पारदर्शिता र नैतिक मूल्यहरूको पालना गर्नुपर्छ । विद्यार्थीहरूले शिक्षकबाट नै यस्ता कुरा अनुसरण गर्ने भएकाले शिक्षकले हमेसा यी गुणहरू विकसित गर्ने र व्यवहारमा प्रदर्शन गर्ने प्रयास गर्नुपर्छ ।

शिक्षकले सम्बन्धित विषयवस्तु स्पष्ट रूपमा व्याख्या गर्न सक्ने तथा जटिल विषयलाई सरल र सहज ढंगमा बुझाउन सक्ने हुनुपर्छ । विद्यार्थीलाई प्रयोगशालामा सक्रिय सहभागिता गराउने र प्रयोगात्मक गतिविधिहरूमार्फत पाठलाई जीवन्त बनाउन सक्नुपर्छ । विद्यार्थीलाई विज्ञानमा रुचि उत्पन्न गराउने र नवीनतम् प्रविधि र सामग्री प्रयोग गरी वैज्ञानिक सोच र अनुसन्धानको महत्त्वलाई जोड दिनुपर्छ ।




*शिक्षकसँग नयाँनयाँ जानकारी, प्रविधि र पद्धतिहरूका बारेमा अनुसन्धान गर्न र नवीन ज्ञान प्राप्त गर्न सधैं उत्सुकता र इच्छाशक्ति हुनुपर्छ । विद्यार्थीहरूलाई तथ्यको आधारमा अनुसन्धान पद्धतिद्वारा अध्यापन गराई सोही पद्धतिअनुसार सिक्न प्रेरित गर्नुपर्छ...*

विद्यार्थीहरूको क्षमता र आवश्यकताअनुसार शिक्षण शैली परिवर्तन गरी विविध गतिविधिहरू (डिबेट, प्रोजेक्ट, ग्रुप डिस्कसन)मा सहभागी गराउनुपर्छ । विद्यार्थीहरूको जिज्ञासा र जटिलतालाई समाधान गर्न तथ्य र प्रमाणको आधारमा समाधान प्रस्तुत गर्न सक्नुपर्छ ।

नेपालका शिक्षालयहरूमा अझैसम्म सरस्वतीको फोटो र मूर्ति पूजेर विद्या आर्जन गर्न सकिन्छ भन्ने अन्धविश्वासले दह्रो ढंगले जरा गाढेकै छ । साथसाथै, शिक्षकहरूको अज्ञानता, रूढिवादी सोच र प्रविधि सम्बन्धि अनभिज्ञताले गुणस्तरीय शिक्षामा बाधा पुऱ्याउनुका साथै गुणस्तरीय जनशक्ति उत्पादनमा ह्रास आइरहेको छ ।

शिक्षा व्यक्ति र समाजको समग्र विकासका लागि आधारभूत माध्यम हो । जीवन उपयोगी शिक्षाले मानिसमा तर्क, अनुसन्धान र नवप्रवर्तनको भावना विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । तर, हाम्रो समाजमा यस्तो शिक्षाको ठाउँमा धार्मिक अन्धविश्वास र परम्परागत सोच हावी हुँदै आएको छ ।

५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको २:३० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा नेपालगंज शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८१ साल पौष महिना २८ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८१ साल माघ महिना ०२ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको २:३० बजे ।**

**सानिमा बैंक** www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

**साउदीमा रोजगार**
कम्पनी : **SAAD ALI AL-ESSA GROUP** शहर: **ABQAIQ**
पुर्व स्वीकृत मिति: २०८१/०९/१८ चलानी नं.: ६०२३०८५३ LT. No.:316545

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bus Driver | 7 | 0 | | 1800 | ६५,६२८ | | | | | | | |
| 3. | Heavy Truck Driver | 30 | 0 | | 1800 | ६५,६२८ | | | | | | | |

कम्पनी : **SPOTLESS LAUNDRY SERVICES ESTABLISHMENT** शहर: **RIYADH**
पुर्व स्वीकृत मिति: २०८१/०९/१८ चलानी नं.: ६०२३०८५२ LT. No.:316546

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ABDULLAH RASHID AL DOSSARY PARTNERS GEN. TRADING AND CONTRACTING CO.** शहर: **AL KHOBAR**
पुर्व स्वीकृत मिति: २०८१/०९/१८ चलानी नं.: ६०२३०८५४ LT. No.:316544

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelves Packing Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **PETROLEUM VISION CONTRACTING COMPANY** शहर: **ABQAIQ**
पुर्व स्वीकृत मिति: २०८१/०९/११ चलानी नं.: ६०२३०८५५ LT. No.:316046

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **SPECIALIZED AND MODERN CO. FOR TRANSPORTATION** शहर: **AL- JUBAIL**
पुर्व स्वीकृत मिति: २०८१/०६/१० चलानी नं.: ६०२२५८३९ LT. No.:311315 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ६५,६२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी :**PILLARS CONSTRUCTION LIMITED CO** शहर: **DAMMAM**
पुर्व स्वीकृत मिति: २०८१/०२/१६ चलानी नं.: ६०२२०२७६ LT. No.: 305522 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक दा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Residential Supervisor | 1 | 0 | | 2200 | ८०,२१२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुस २९ गते (13 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**A.S. International Group Pvt. ltd.** Gov. Lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu Nepal,Tel: 01-5900381/5901381. Email: asintldemand@gmail.com. Mobile: 9801082460, 9801082461,9801082462.

# ‘दलित समुदायको उत्थानमा राज्यले ठोस योजना बनाउन आवश्यक’



**मकवानपुर/मस–** बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले दलित समुदायको उत्थानका लागि राज्यले ठोस योजना बनाएर कार्यान्वयन गर्न जरूरी रहेको बताएका छन् ।

राष्ट्रिय दलित आयोग बागमती प्रदेशले प्रस्तुत गरेको आर्थिक वर्ष २०८०/०८१ को प्रगति प्रतिवेदन ग्रहण गर्दै आज उहाँले दलित तथा सीमान्तकृत समुदायका सवाल र समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउने बताए । प्रदेश प्रमुख देवकोटाले राज्यको मूलधारमा दलित समुदायको प्रतिनिधित्व बढाउन आवश्यक कार्यक्रम तय गर्न प्रदेश सरकारसँग पनि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

आयोगका प्रवक्ता सुन्दर पुर्कुटीले नेपालको संविधानको धारा २९४ (३) बमोजिम प्रदेश प्रमुख देवकोटासमक्ष प्रतिवेदन पेस गरेका थिए । उनले प्रतिवेदनमा आयोगका वार्षिक कार्यक्रम, सिफारिस, सुझाव र तिनको कार्यान्वयनको अवस्था, अवसर, चुनौती र आगामी कार्यदिशालगायत विषय समेटिएको बताए ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धताअनुसार सरकारले नीति, कानुन, रणनीतिक योजना, कार्यक्रम र बजेटमा समेट्न नसकेका विषयमा समेत प्रतिवेदनमार्फत ध्यानाकर्षण गराइएको उनले जानकारी दिए । राष्ट्रिय जनगणना, २०७८ अनुसार बागमती प्रदेशमा दलित समुदायको जनसंख्या तीन लाख ५९ हजार पाँच सय ११ जना रहेको छ ।

# शीतलहरपीडितलाई सेनाको सहयोग



**महोत्तरी/मस–** मुटु कमाउने जाडोबीच लुगा नभएर कष्ट झेल्दै आएका महोत्तरीको मटिहानी-४ र ९ का दलित परिवारले नेपाली सेनाको सहयोगले न्यानो ओढ्ने पाएका छन् । दुवै बस्तीका एक सय २३ परिवारलाई सेनाको परिकौली (महोत्तरी) स्थित गोरखनाथ गण ब्यारेकले ओढ्ने मण्डी (ऊनी कम्बल) शनिबार वितरण गरेको हो । शीतलहरको यो राहत पाउने उनीहरु अतिविपन्न मुसहर र डोम समुदायका परिवार हुन् ।

मटिहानी-८ स्थित श्रीराम माध्यमिक विद्यालय परिसरमा आयोजित कार्यक्रममा गोरखनाथ गणका गणपति प्रमुख सेनानी विनोदविकास पाठक, मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डल र जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले सेनाप्रदत्त कम्बल मुसहर र डोम परिवारलाई प्रदान गरेका हुन् ।

जिल्लामा नेपाली सेनाले प्रत्येक वर्षजसो शीतलहर प्रभावित बस्तीका अतिविपन्न परिवारलाई कम्बल वितरण, चोकचोकमा आगो बाल्ने र बटुवालाई तातो चिया खुवाउने कार्य गर्दै आएको छ । जनताको दुःखमा एकाकार हुन गरिब बस्तीमा कम्बल वितरण गरिएको गणपति प्रमुख सेनानी पाठकको भनाइ छ ।

# वादी समुदाय ५ महिनादेखि पानी र बत्तीविहीन

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २१ पुस



बझाङ सदरमुकाम चैनपुर स्थित वादी समुदायका करिब १० घरपरिवार पाँच महिनादेखि खानेपानी र विद्युत् अभावमा बसिरहेका छन् । पानी र बत्तीको महसुल तिर्न नसक्दा उनीहरूको जीवन अन्धकारमय बनेको छ ।

हरिना वादीका अनुसार, ५-६ महिनादेखि खानेपानीको अभावले सेती नदीबाट पानी ल्याउन बाध्य भएका छन् ।

स्थानीय बम्म वादी भन्छन्,‘पानी र बत्ती नहुँदा दैनिकी कष्टकर बनेको छ ।’

राधा वादीले बिजुलीको लाइन काटिएपछि बालबालिका, वृद्ध-वृद्धा सबैजना अध्यारोमा बस्न बाध्य भएको बताइन् । उनका अनुसार, प्रति परिवार २ हजारदेखि ४ हजारसम्मको विल पुगेको छ, जुन तिर्न नसकिएका कारण लाइन काटिएको हो ।

खानेपानी उपभोक्ता समितिका अध्यक्ष लोकेन्द्र विष्टले व्यवस्थापन बिना पानी खेर फाल्ने गरेकाले पानीको लाइन काटिएको बताए । उनले भने,‘महसुल नतिरेको भन्दा पनि व्यवस्थापन नगरेकाले काटिएको हो । पानी व्यवस्थापन गरी उपभोग गर्न सहमत भए लाइन पुनः जोडिन्छ ।’

नेपाल विद्युत् प्राधिकरण बझाङका प्रमुख सुजन खड्काका अनुसार, विद्युत महसुल तिर्न नसकेकाले लाइन काटिएको हो । उनले भने, ‘मन्त्रीपरिषद्को निर्देशन आएपछि मात्र लाइन जोड्न सकिन्छ । अन्यथा, महसुल तिरेपछि मात्रै सेवा उपलब्ध गराइन्छ ।’ वादी बस्तीका परिवारहरूले सरकार र सम्बन्धित निकायलाई चाँडो समस्या समाधान गर्न माग गरेका छन् ।

# क्रियटिभ चिल्ड्रेन होम मन्टेश्वरीद्वारा शैक्षिक प्रदर्शनी




**नेपालगन्ज/मस–** क्रियटीभ चिल्ड्रेन होम मन्टेश्वरीले शैक्षिक सामग्री तथा प्रयोग विधि प्रदर्शनी गरेको छ । बालबालिकाहरुको सर्वाङ्गिण विकासका लागि शैक्षिक सिकाइ, क्रियाकलाप र मन्टेश्वरी विधि प्रस्तुत गरी अभिभावकहरुलाई जानकारी गराउने उद्देश्यले प्रदर्शनी गरिएको हो ।

मन्टेश्वरी स्कुल, अभिभावक र बालबालिका बीचको सम्बन्ध सकारात्मक र प्रभावकारी बनाउने, प्रारम्भिक बाल विकास पाठ्यक्रममा आधारित विषयवस्तु अन्तर्गतको सिकाइ, सामग्री व्यवस्थापन र सिकाइ विधि प्रस्तुत गरी पुस्तक बिना पनि सिक्न सकिने अभ्यास सम्भव छ भन्ने प्रदर्शनीबाट प्रमाणित हुने मन्टेश्वरीकी संस्थापक प्रिन्सीपल खिमा थापाले बताइन् ।

स्थानीय कच्चा पदार्थ र खेर गएका काम नलाग्ने सामग्री प्रयोग गरेर हस्त निर्मित सुन्दर तथा आकर्षक शैक्षिक सामग्री तयार गर्न सकिन्छ भन्ने उदाहरण प्रदर्शनीमार्फत् अभिभावक र बालबालिकाहरुलाई पनि सचेत गराउने प्रदर्शनीको अर्को सिकाइ भएको मन्टेश्वरी एशोसिएसन बाँकेकी सचिव समेत रहेकी मन्टेश्वरीकी संस्थापक प्रिन्सीपल थापाले बताइन् । २०७२ सालमा स्थापित यस मन्टेश्वरीले यस्तो प्रदर्शनी गरेको तेस्रो पटक हो ।

## नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/२२**

यस कम्पनीको सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०९/१२ मा स्वीकृत प्राप्त भइ साविक कम्पनी लाफा इन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. २५४८९०/०७७/०७८) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु ब्योहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नामको **इन्कोर इन्ट्रीग्रेटेड सर्भिसेज प्रा.लि.** अंग्रेजीमा Encore Integrated Services Pvt. Ltd. ले सकार्ने ब्योहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको ब्योहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**इन्कोर इन्ट्रीग्रेटेड सर्भिसेज प्रा. लि.**
**तिलोत्तमा न.पा. १५, रुपन्देही**

## युएईमा रोजगार

कम्पनी : **STAR SERVICES LLC** — शहर: **UAE**
पूर्व स्वीकृत मितिः २०८१/०९/१८ — चलानी नं.: ६०२३०६८२ — L.T. No.: 316412

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mechanic / Vehicle Mechanic Assistant | 26 | 0 | स. काममा दक्ष | 1700 | ६३,३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **CLAIRVOYANT CARE BUILDING CONTRACTING L L C** — शहर: **DUBAI**
पूर्व स्वीकृत मितिः २०८१/०९/१४ — चलानी नं.: ६०२३०६८३ — L.T. No.: 316088

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 17 | 3 | स. काममा दक्ष | 1000 | ३७,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ALETQAN TALENT EMPLOYMENT SERVICES LLC -S.P.C** — शहर: **DUBAI**
पूर्व स्वीकृत मितिः २०८१/०९/२१ — चलानी नं.: ६०२३०८८९ — L.T. No.: 316606

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 75 | 0 | | 900 | ३३,५५२ | | | | | | | |
| 3. | Mason. | 25 | 0 | | 1200 | ४४,७३६ | | | | | | | |
| 4. | Steel Fixer | 25 | 0 | | 1200 | ४४,७३६ | | | | | | | |

**अन्तर्वार्ता तुरेडो तालिम केन्द्र, जनकपुरधाममा २०८१ पुष २८ गते (12 January 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २९ गते (13 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**High Quality Overseas Pvt.Ltd.**
License No.: 1269/074/75
Samakhushi, Town Planning, Kathmandu, Tel.: 01-4984853 | 4957168 | 981-5127328 | 985-1206728,
Janakpur : 9817889831 | 9826869372 | 9814884745, Email: hiqualitynepal@gmail.com

# हेटौंडामा बाघको बढ्दो आतंक

**हेटौंडा/मस–** २ वटा राष्ट्रिय निकुञ्जसँग जोडिएको हेटौंडा उपमहानगरपालिका वडा नम्बर १२ र १३ को सिमाना क्षेत्रमा बाघ देखा परेको छ । शनिबार राति स्थानीयहरुले गाउँ वरपरको क्षेत्रमा बाघ देखा परेको बताएका छन् । नेपाली कांग्रेसका नेता समेत रहेका हेटौंडा १२ का स्थानीय कुमार पोखरेलले हेटौंडा १२ र १३ को सिमाना बिचरोडमा बाघ देखिएको र सो बाघ १२ नम्बरको रमनटारमा पनि देखिएको सामजिक संजाल मार्फत जानकारी दिएका छन् ।

## कुमाख गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रागेचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/२२ गते)**

नेपाल सरकार फिनल्याण्ड सरकार तथा यस कुमाख गाउँपालिका संयुक्त सहकार्यमा यस कुमाख गाउँपालिकामा सञ्चालन हुने सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता (SUSWA) परियोजनाका लागि देहाय बमोजिमका पदमा सेवा करार पदपुर्ती गर्नका लागि तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट आफ्नो वैयक्तिक विवरण र निवेदन सहित सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा यस कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ ।

| क्र. स. | विज्ञापन नम्बर | पद | तह/श्रेणी | संख्या |
|---|---|---|---|---|
| १ | SUSWA-१-२०८१-०८२ | प्राविधिक सहजकर्ता (Techinical Facilitator) | सहायक पाँचौ | १ (एक जना ) |
| २ | SUSWA-२-२०८१-०८२ | ग्रामिण खानेपानी सेवा सहायता केन्द्र ( SSC ) सहजकर्ता | सहायक पाँचौ | १ (एक जना ) |

**१. आवश्यक न्यूनतम् योग्यता तथा अनुभव**

**१.१ प्राविधिक सहजकर्ता (Techinical Facilitator) (SUSWA-१-२०८१-०८२, आवश्यक संख्या:- १ (एक))**

- कम्तीमा सिभिल ईन्जिनियरिङ विषयमा प्रविणता प्रमाण-पत्र डिप्लोमा तह उत्तिर्ण गरी ३ वर्ष खानेपानी सरसफाई तथा स्वच्छताका क्षेत्रमा सर्भे डिजाइन ईष्टिमेट, अनुगमन मुल्याङ्कन सम्बन्धित कार्य गरेको हुनु पर्ने ।
- आधारभुत कम्प्युटर (MS word, Excel, powerpoint) को राम्रो ज्ञान र प्रतिवेदन क्षमता भएको ।
- AutoCAD लगायतका सफ्टवेयरको ज्ञान भएको ।
- सामाजिक परिचालन र तालिम सहजिकरणको राम्रो सीप भएको हुनु पर्ने ।
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तरगत कार्य गरेकोलाई विशेष ग्राह्यता दिईने ।
- सम्बन्धित स्थानीय नागरिकलाई विशेष प्राथमिकता दिईने छ।

**१.२ ग्रामिण खानेपानी सेवा सहायता केन्द्र सहजकर्ता (SSC) (SUSWA-२-२०८१-०८२, आवश्यक संख्या:- १ (एक)**

- सिभिल इन्जिनियरिङमा, प्रि डिप्लोमा\टि एस एल सी को हकमा ग्रामिण खानेपानी तथा सरसफाई क्षेत्रको न्युनतम ५ बर्षको कार्य अनुभव र डिप्लोमा तहको हकमा न्युनतम ३ वर्षको ग्रामीण खानेपानी तथा सरसफाईको क्षेत्रको कार्य अनुभब भएको ।
- खानेपानी आपूर्ति पूर्वाधारको मर्मत सम्भार र/वा नेपालको ग्रामीण क्षेत्रहरुमा खानेपानी आपूर्ति र सरसफाई गतिबिधिहरुको अनुगमन र कार्यान्वयनमा अनुभव ।
- तथ्याङ्क व्यवस्थापन र तथ्यांक विश्लेषणमा अनुभव ।
- वाससँग सम्बन्धित नयाँ आद्यावधिक नीति र कार्यविधिहरुको ज्ञान र जानकारी कायम राख्ने ।
- उर्जावान र सबै प्रकारका खानेपानी योजना र सरसफाइ गतिविधिहरुको सर्वेक्षण सम्बन्धी सीप भएको ।
- मर्मत गर्नुपर्ने ग्रामीण खानेपानी प्रणालीको Functionality सर्वेक्षण, लागत अनुमान र कार्य सम्पन्न मुल्याङ्कन नापी किताब तयार गर्न सक्षम ।
- स्थानीय संयन्त्रको राम्रो बुझाइ र अनुभव र खानेपानी र सरसफाइ सामुदायिक पूर्वाधारहरुको अनुभव ।
- लैगिंक समानता र सामाजिक समावेशीकरण प्रति प्रतिवद्धता ।
- परिणाम उन्मुख व्यक्तित्व/मासिक कार्य योजना बमोजिम कार्य गर्न प्रतिवद्ध ।
- राम्रो पारस्परिक र अन्तर साँस्कृतिक दक्षता ।
- Microsoft Excel, Word, Power Point मा कम्प्यूटर सीपहरुमा दक्ष ।
- आधारभूत तथ्याङ्क विश्लेषण र रिपोर्ट लेखनमा सक्षम ।
- N-Wash सम्बन्धी ज्ञान तथा फिल्ड स्तरमा Apps Handling गर्न सक्ने सीप भएको ।

**२. दरखास्त दिने स्थानः** कुमाख गाउँपालिका कार्यालय, रागेचौर सल्यान ।

**३. दरखास्त दिने अन्तिम मितिः २०८१ ।१०।०७**

**४. आवेदन दस्तुरः** रु ५०० (अक्षरेपी पाँच सयमात्र) गाउँपालिकाको कुमाख गा पा को आन्तरिक राजश्व खाता नं ०५९०७७९७६३००११ मा जम्मा गरेको भौचर संलग्न राख्नुपर्ने छ ।

**५. छनौटको किसिमः** प्रारम्भिक योग्यता क्रमको सुची प्रकाशन, लिखित तथा मौखिक परीक्षा र कम्प्युटर परीक्षण गरिने छ ।

**६. आवेदनका साथ संलग्न राख्नु पर्ने कागजातहरु:** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपी अनिवार्य पेस गर्नुपर्नेछ

1. नागरिकता
2. शैक्षिक योग्यताका प्रमाणपत्रहरु
3. कामसँग सम्बन्धित अनुभवका कागजातहरु
4. वैयक्तिक विवरण (बायोडाटा) का कागजातहरु
5. कामसँग सम्बन्धित तालिमका प्रमाणपत्रहरु

**७. सेवा सुविधा :** तोकिए बमोजिम ।

**८. कार्य विवरण (TOR) :** तोकिए बमोजिम ।

**९. लिखित परिक्षाको पाठ्यक्रम :** तोकिए बमोजिम ।

**१०. अन्यः** दरखास्त फाराम तथा अन्य थप जानकारीको लागि गाउँपालिकाको Website: http://kumakhmun.gov.np मा हेर्न वा ९८६६९२१३५९ र ९८५७८४८०१ मा सम्पर्क राख्न सकिनेछ । साथै म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कार्वाही गरिने छैन ।

## Kushma Municipality
## Office of the Municipal Executive
**Kushma, Parbat**
**Gandaki Province, Nepal**

### INVITATION FOR BIDS

**Date of first Publication: B.S. 2081/09/22 (6th January, 2025)**

Kushma Municipality, Office of the Municipal Executive, Kushma, Parbat invites electronic bids from Nepalese eligible bidders for the procurement of works which is mentioned on following table under National Competitive Bidding. All other information and bid document can be downloaded from PPMO's website **www.bolpatra.gov.np/egp.** All eligible bidders are requested to submit E-Bid only as per instruction within the mentioned period.

| S. N. | Description of works | Contract No. | Estimated Amount (Without Vat, PS and Contingency) | Bid Doc. Fee NRs. | Minimum Bid Security Amount in Nrs. |
|---|---|---|---|---|---|
| 1 | Construction & Upgrading Works of Khaula Ma .Vi -Okadi -Aadherineta Sadak | KM/W/NCB/ PAR/05(081/82) | 1,01,02,034.23 | 3000.00 | 2,70,000.00 |
| 2. | Construction & Upgrading Works of Ambot to Okadikhola Sadak | KM/W/NCB/ PAR/06(081/82) | 27,03,490.94 | 3000.00 | 72,000.00 |
| 3 | Construction Works of Khurkot Helthpost Building | KM/W/NCB/ PAR/07(081/82) | 31,95,564.93 | 3000.00 | 85,000.00 |
| 4 | Construction Works of Pathar Khola Irrigation Canal Pang | KM/W/NCB/ PAR/08(081/82) | 33,63,320.76 | 3000.00 | 90,000.00 |

**Information to deposit the cost of bidding document in Bank.**
Name of Bank: Nepal Bank Limited, Kushma
Name of Office: Kushma Municipality, Office of Municipal Executive, Kushma, Parbat
Office Account No.: 06603000001001000001
Office Account Name: Kushma Nagarpalika aantarik raajashwo khata

**Chief Administrative Officer**

स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरण

# रविसहित ३९ जनाविरुद्ध काठमाडौंमा मुद्दा दर्ता




**काठमाडौं/मस**–काठमाडौं कालिमाटीको स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारीको रकम अनियमितता गरेको आरोपमा रवि लामिछानेसहित ३९ जनाविरुद्ध मुद्दा दर्ता भएको छ । जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंले आइतबार अदालतमा मुद्दा दर्ता गराएको हो ।

उनीहरूविरुद्ध सहकारी ठगी र संगठित अपराधको कसुरमा मुद्दा दायर भएको छ । सहकारीको एक अर्ब १९ करोड ९५ लाख रुपैयाँ अनियमितता गरेको आरोपमा लामिछानेसहित छविलाल जोशी, गितेन्द्रबाबु (जिबी) राई, उपाध्यक्ष देवेन्द्रबाबु राई, कुमार रस्तेललगायत ३९ जनाविरुद्ध मुद्दा दर्ता भएको हो । प्रहरीले ४४ जनालाई प्रतिवादी बनाउन सिफारिस गरेको थियो । पाँचजनाको ठेगाना नखुलेको कारण मुद्दा दायर भएन ।

रविलाई सहकारी ठगीमा ५ करोड ८ लाख ६९ हजार ६३३ रुपैयाँ ५ पैसा बिगो कायम गरिएको छ । रविलाई भन्दा छविलाई बढी बिगो तोकिएको छ । उनलाई ५ करोड ७८ लाख ९६ हजार ४८० रुपैयाँ बिगो कायम गरिएको छ । स्वर्णलक्ष्मी सहकारीमा प्रतिवादी बनाइएकाहरूमा परिसरको हिरसतमा रहेकाहरुमा कमल लामा र सुनिता नेवा रहेका छन् । यस्तै कास्कीमा रहेका प्रतिवादीहरू कुमार रस्तेल, छविलाल जोशी र रवि लामिछाने रहेका छन् । उनीहरूमाथि कारबाही गर्न काठमाडौं झिकाउन पनि सरकारी वकिलको मागदाबी छ । फरार रहेका प्रतिवादीहरूमा गितेन्द्रबाबु राई (जिबी), देवेन्द्रबाबु राई, ईरान लामा, कविता तामाङ, हेमन्त अधिकारी, रबिना रिमाल, दीपक लामा, सविना आलेमगर, भक्तबहादुर भोलन, प्रदिप लामा, सविता लामा, गणेशराज श्रेष्ठ, शान्तिकुमारी सुवेदी, रोमन काफ्ले, नविन अछामी, कल्पनाकुमारी श्रेष्ठ, विशाल तामाङ, अनन्त बाबु राई, खिमानन्द कँडेल रहेका छन् ।

यस्तै श्रीवल्लभ नेपाल, गोकुल श्रेष्ठ, भगवती बम्जन, देवकुमार तामाङ, शिवप्रसाद पौडेल, विरबहादुर रानाभाट, पुष्पराज पौडेल, किरण पुडासाइ, कल्याणकुमार घिमिरे, कृष्णबहादुर पोखरेल, जनक भट्टराई, मुखियाकान्छा गुरुङ, भुपेन्द्र राई, राजु बराल र असरफ अली सिद्धिकी रहेका छन् ।

# क्यान्सरपीडित सुनारलाई आर्थिक सहयोग

**बाँके/मस**– बाँके सेवा समाज कतारले जिल्लाका एक क्यान्सर रोगबाट पीडितलाई नगद सहयोग गरेको छ । मुखको क्यान्सर रोगले ग्रसित बाँकेको खजुरा गाउँपालिका-६ निवासी नगेन्द्र सुनारलाई एक कार्यक्रमका बीच वडाध्यक्षको रोहबरमा समाजका सहकोषाध्यक्ष ओम खत्री र सदस्य टेक सुनारको समुपस्थितमा १ लाख १ सय १० रुपैयाँ सहयोग उपलब्ध गराएको हो ।

बिरामी सुनारका बारेमा पूर्ण सुनारले लिखित रूपमा समाजमा सहयोगको याचना गरेपछि समाजका अध्यक्ष गोविन्दजंग शाह र महासचिव गुमानसिंह खत्रीको विशेष पहलमा रकम संकलन गरी हस्तान्तरण गरिएको समाजले जनाएको छ ।

घरको आर्थिक अवस्था कमजोर भएका सुनारको घरमा आमा मात्र रहेको र श्रीमती वैदेशिक रोजगारीका लागि कुवेतमा रहेकी छन् । दुई छोरा र एक छोरीका पिता रहेका सुनारले अहिले भरतपुर क्यान्सर अस्पतालमा थप उपचार गराइरहेका छन् । सुनारलाई नेपालगन्ज कृष्णसार टेलिभिजनका सञ्चारकर्मी कृष्ण अधिकारीले समेत व्यक्तिगत रूपमा आर्थिक सहयोग गरेका छन् । घरको आर्थिक अवस्था कमजोर र लाखौं ऋणमा डुबेको हुँदा परिवारले थप सहयोगको अपिल गरेको छ । बिरामीलाई सहयोग गर्न चाहनेले बिरामीको कुमारी बैंकको खाता नम्बर १५७०३१९०४१३०००01 मा सहयोग गर्न सकिने व्यवस्था गरिएको छ भने बिरामी सुनारलाई ९७६९९५६८१९ मा सम्पर्क गर्न सकिनेछ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण विभाग
**शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय**
मझगाँउ, कञ्चनपुर

## बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८१/०९/२२**

यस कार्यालयको आ.व. २०८१/०८२ मा स्वीकृत कार्यक्रम अनुसार तपसिल घर पाल्वा हात्तीको लागि खाद्यान्न आपूर्ति गर्ने कार्य बोलपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले सो कार्य गर्न मु.अ.कर दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाणपत्र, इजाजत पत्र, घरेलु दर्ता प्रमाणपत्र,आ.वा ०८०/०८१ को कर चुक्ता प्रमाणपत्र संलग्न राखी इच्छुक व्यवसायीले तपसिल अनुसारको अवधिभित्र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नुहुन अनुरोध छ । साथै बोलपत्र दस्तुर वाफतको रकम (फिर्ता नहुने गरि) कार्यालय कोडः ३२९०३७६०१, खाता न. : ११०७५ र शीर्षक न. १४२२९ तथा नगद बैंक जमानतको लागि खाता न.४१८०१००१०२०३०००० (ख), कोष तथा लेखा नियन्त्रण कार्यालय, कंचनपुर वा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैकको बैक जमानत पेश गर्नु पर्नेछ । उक्त बोलपत्र विद्युतीय मध्यमबाट मात्र गर्न सकिने छ । बिस्तृत जानकारीको लागि PPMO को website :- http://bolpatra.gov.np मा हेर्न हुन अनुरोध छ ।

**तपसिल**

| सि. नं. | ठेक्का न. | कामको विवरण | लागत अनुमान मु.अ. बाहेक (रु.) | बोलपत्र दस्तुर (रु.) | जमानत रकम (रु.) | जमानत विवरण |
|---|---|---|---|---|---|---|
| १. | ShNP/NCB/Rash/an ०८१/०८२-०३ | घर पालुवा हात्तीको लागि खाद्यान्न सप्लाई गर्ने कार्य । | २५,४४,५५७.८५/- | ३००० | १,३६,००००० /- | कम्तिमा १२० दिन म्याद भएको । |

**वरिष्ठ संरक्षण अधिकृत**

# ‘संविधान कार्यान्वयन नै नगरी संशोधनको कुरा गर्नु अपराध हो’



**काठमाडौं/मस**– आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले संविधानको कार्यान्वयन नै नगरी संशोधनको कुरा गर्नु अपराध भएको टिप्पणी गरेका छन् । आजपाको सिंहदरबार, काठमाडौंस्थित दलको कार्यालयमा सञ्चारकर्मीसँगको कुराकानीमा अध्यक्ष साहले संविधान संशोधन नभइ खारेज नै गर्नुपर्ने बताए ।

‘संविधान कार्यान्वयनसम्बन्धी कानून सरकार ल्याउन चाहेन । प्रहरी ऐन अल्पत्र छ, निजामती ऐन बेवारिसे छ । संविधान अनुरुपको सामाजिक न्याय प्रदान गर्ने शिक्षा र स्वास्थ्य ऐन अलपत्र छ,’ आजपा अध्यक्ष साहले भने, ‘संविधानमा भएका मौलिकहकहरु कार्यान्वयन गर्ने कुनै कानुन नै सरकारले बनाएन । यसरी सरकारलाई संविधान कार्यान्वयनमा कुनै चासो नै छैन् ।’ हिजोको दिनमा संविधान निर्माण पनि कांग्रेस र एमालेको गठबन्धन सरकारले गरेको बताउँदै उनले संविधान नै कार्यान्वयन नगरीकन उही पार्टी र नेताहरुले संशोधनको कुरा गर्नु भनेको अपराध भएको टिप्पणी उनले गरे ।

‘हिजो संविधान निर्माण पनि कांग्रेस र एमालेको गठबन्धन सरकारले नै गरेको ति नेताहरु अहिले पनि नेतृत्वमै रहेको सन्दर्भमा कुनै पनि नैतिकताले संशोधनको कुरा गर्नु उचित छैन,’ आजपा अध्यक्ष साहले भने, ‘बरु गतल संविधान बनाइ देश र जनतालाई ठगेको कुरा स्वीकारेर कामै नलाग्ने यो व्यवस्था खारेज गर्न उनीहरु सहमत हुन जरुरी छ ।’

यो व्यवस्थाले मुलुक र जनताको अवस्था परिवर्तन नहुने ठोकुवा गर्दै यस्तो ‘खिचडी व्यवस्था’ खारेज गर्नुको बिकल्प नभएको उनले बताए । दलाल दलतन्त्र, लुटतन्त्रले आम नागरिक निरास भएको बताउँदै उनले यो व्यवस्था खारेज गरेर आम जनताको शासन हुने व्यवस्था आवश्यक भएको बताए ।

# विद्यार्थीलाई लागुऔषध दुर्व्यसनीबारे सचेतना




**अर्घाखाँची/मस**- जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीले युवा तथा विद्यार्थीलाई लागुऔषध दुरुपयोगविरुद्ध सचेतनामुलक कार्यक्रम सम्पन्न गरेको छ ।

दिनानु दिन बढ्दै गइरहेको लागुऔषध दुर्व्यसनको समस्या समाधान गर्न कार्यक्रम आयोजना गरिएको अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले जानकारी दिए ।

नेपालमा बढ्दो गरिवी, बेरोजगारी, अशिक्षा, चेतनाको कमी, सामाजिक परिवेश जस्ता कारण, राजनीतिक असफलताको कारण तथा प्रहरीको कारबाही फितलो हुनुको कारणले यो समस्या दिनानुदिन बढ्दै गएको कार्यक्रममा बोल्ने वक्ताहरुले बताएका थिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी अर्यालले लागुऔषध, लैंगिक हिंसा र बालविवाह जस्ता चुनौतीको सामना गर्न सबै सचेत हुन जरूरी रहेको बताउँदै प्रहरी प्रशासनले संचालन गर्ने यस्ता किसिमका सचेतनामूलक कार्यक्रमले समाजमा चेतनाको अभिवृद्धि गर्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव उपरीक्षक चक्रबहादुर मल्लले समाजमा शान्ति, सुरक्षा स्थापना गर्न समाज र प्रहरीको हातेमालो हुन जरुरी रहेको बताउँदै अपराध न्यूनीकरण तथा रोकथाम गर्न स्थानीय स्तरबाटै जागरूक हुनुपर्नेमा जोड दिएका थिए ।

लागुऔषध नियन्त्रण सम्बन्धी तीन महिने अभियान अन्तर्गत युवा लक्षित कार्यक्रम ज्ञान प्रकाश माध्यमिक विद्यालयमा सञ्चालन गरिएकोमा प्रअ सूर्य खनालले धन्यवाद ज्ञापन गरेका थिए ।

सिगास गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
गर्जे, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति २०८१/०९/२२**

प्रस्तुत विषयमा सिगास गाउँपालिकाको कार्यालय बैतडीबाट कार्यान्वयन हुने भनेलीमाण्डौ मौरीबगर सडक स्तोरउन्नती कार्यको ठेक्का नं. SRM/NCB/BMSU-02/2081/82 र बिन्द्रावन सडक निर्माण -ठेक्का नं SRM/NCB/BSS-03/2081/82 निर्माण कार्य ठेक्काको माध्यमबाट सम्पन्न गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ को (१) बमोजिम खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp र मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८१/०८/१९ गते प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक / आर्थिक प्रस्तावको विस्तृत मूल्याङ्कनबाट छनौट भई खोलिएका बोलपत्रदाता प्रस्तावको मूल्याङ्कन हुँदा तपसिल बमोजिमका न्यूनतम मूल्याङ्कित बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिऐकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम तथा सोही ऐनको दफा ४७ प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं र योजनाको नाम | सफल बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मुल्य रु.) अभिबृद्धि कर, PS, सहित | कैफियत |
|---|---|---|---|---|
| 1 | SRM/NCB/BMSU-02/2081/82 Bhanelimandu Mauribagar sadak Upgrading Sigas -07 Baitadi | B & B Organization Dhangadi Kailali | 46,30,415.18 | |
| 2 | SRM/NCB/BSS-03/2081/82 Bindraban Sadak Construction work Sigas -01 Baitadi | VCE Engineering & Construction Company PVT & Ltd Baneswor Kathmandu | 45,94,629.30 | |

**प्रमुख प्रशासकीय अधिकृत**

# हृदयाघातबाट पालिका कर्मचारीको निधन



**कालीकोट/मस**–हृदयाघातका कारण कालीकोट महावै गाउँपालिका-३ का प्रशासन सहायक केशरबहादुर सिंहको ३७ वर्षको उमेरमा निधन भएको छ ।

आइतबार बिहान कार्यालय जाने तरखरमा रहेका उनको आफ्नै निवासमा निधन भएको महावै गाउँपालिकाका अध्यक्ष खेमबहादुर सिंहले बताए ।

सत्र वर्षअघि उनी राष्ट्रसेवामा प्रवेश गरेका थिए । उनकी श्रीमती, एक छोरा र दुई छोरी छन् । स्वर्गीय सिंहको आजै पादमघाटमा अन्तिम संस्कार गरिने अध्यक्ष सिंहले बताए । उनले प्रशासन सहायक सिंहको निधनप्रति दुःख व्यक्त गर्दै पालिकाले एक कुशल राष्ट्रसेवक गुमाएको बताए ।

**FREE VISA FREE TICKET AMERICAN BASE CAMP**

कम्पनी: THE BRIDGE GEN.TRADE.& CONT.CO. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०६/२३ चलानी नं.: ६०२०८९६८ LT. No.: 293854 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४८,८१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 5 | 0 | | 110 | ४८,८१८ | | | | | | | |
| 3. | Foreman | 5 | 0 | | 195 | ८६,५४१ | | | | | | | |
| 4. | Helper | 9 | 0 | | 90 | ३९,९४२ | | | | | | | |
| 5. | Labour | 12 | 0 | | 90 | ३९,९४२ | | | | | | | |
| 6. | Painter | 5 | 0 | | 110 | ४८,८१८ | | | | | | | |
| 7. | Plumber | 10 | 0 | | 120 | ५३,२५६ | | | | | | | |
| 8. | Storekeeper | 10 | 0 | | 130 | ५७,६९४ | | | | | | | |
| 9. | Technician | 15 | 0 | | 130 | ५७,६९४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २९ गते (13 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AJEETS
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Ajeets Management and Development Company Pvt. Ltd.
Tara Hall Chowk, Sinamangal -9, Kathmandu
Phone : 014579390, 4579391 | 9823463896 (Whatsapp) E-mail : ajeetsmanpowernepal@gmail.com

**Cyprus मा रोजगार** | कम्पनी: **Global Tree Recruitment Ltd, Paphos, Cyprus**

पूर्व स्वीकृती मिति २०८१/०९/१८ चलानी नं. ६०२३०८१३ LT.No. 316310

| सि. नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रू | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Employee | 10 | 10 | स.काममा दक्ष | 700 | ९९,०७०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रू. ७००।- | कामदार स्वयं रू. १५००।- | रू. ३५,०००।- |

**अन्तर्वार्ता २०८१ पौष २९ गते (13 January, 2025) मेनपावर कार्यालय गोगंबुमा हुनेछ ।**

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क राख्नु होला ।

S.R.C. Job Placement Pvt. Ltd. Gov. Lic. No. 1585/079/80
Gongabu-26, KTM. Phone:- 01-5915880, 5916880, Email:- info@srcjobplacement.com

रौतामाई गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०९/२२**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार *Swasthaya Chowki Marmat Bhuttar Marmat (Supplying and construction of iron truss with CGI covering and cement board for room)* योजनाको लागी तपसिल बमोजिमको निर्माण तथा मर्मत कार्य गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनीले दरभाउपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website:www.rautamaimun.gov.np र सूचना पाटीमा राखी सबैको जानकारीको लागि यो सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**सिलबन्दी दरभाउपत्र सम्बन्धी कार्यको विवरण**

| सि. नं. | दरभाउपत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई.रकम (भ्याट र पि.एस. वाहेक) रु. | धरौटी रकम | खरिद तथा आपुर्ति | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| 1. | RRM/SQ/ Works /11/2081-082 | "*Swasthaya Chowki Marmat Bhuttar Marmat (Supplying and construction of iron truss with CGI covering and cement board for room)*", Rautamai RM, Bhuttar-2 | 14,03,159.32 | 40,000.00 | नेपाल सरकार बाट मान्यता प्राप्त फर्म, कम्पनी | 1,000.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२२ पुस २०८१ सोमबार
6 January 2025, Monday

# प्राङ्देनलाई 'द नेसनल डिजाइनर रनवे'को उपाधि

**भक्तपुर/मस–** प्राङ्देन हानी लिम्बू पहिरन शिल्पी अर्थात् फेसन डिजाइनरहरूको मेघा प्रतियोगिता पाँचौं संस्करणको 'द नेसनल डिजाइनर रनवे, २०२४'को विजेता बनेकी छन् । असाधारण रचनात्मकता र शिल्प प्रस्तुतीकरणका साथ दर्शक र निर्णायकहरूलाई मोहित पार्दै उनले शीर्ष उपाधि हात पार्दा सबी श्रेष्ठले आकर्षक ड्रेस डिजाइनको साथमा फर्स्ट रनरअपको उपाधि हासिल गरिन् ।

ओमान कोमेन जुकान्द्री उस्तै लोभलाग्दो डिजाइन प्रस्तुति पस्कँदै सेकेन्ड रनरअपको उपाधि जित्न सफल भइन् । प्रतियोगितामा अन्य सबै प्रतियोगीहरूलाई उछिन्दै सजिना मोनिकरले मोस्ट पपुलरतर्फको अवार्ड हात पारिन् । विजेताहरूलाई प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना मगर, निर्णायकहरू र आयोजक टोलीका सदस्यहरूले विजेताको ताजका साथै आकर्षक उपहारहरू प्रदान गरेका थिए ।




प्रतियोगिता राज्य मिडिया नेटवर्कको आयोजना र एभेन्टोज नेपालको प्रस्तुतिमा सम्पन्न भएको हो । राज्य मिडिया नेटवर्क र एभेन्टोज नेपालका सीईओ डेभिलसिंह राजपुतको अवधारणा र निर्देशन तथा राज्य मिडिया नेटवर्कका अध्यक्ष सरोज ओझाको अध्यक्षतामा सम्पन्न ग्रान्ड फिनालेमा आईआईएफटी, एनसीएफटी र आईईसीलाई प्रतिनिधित्व गर्दै कुल १४ जना फेसन डिजाइनरहरू अन्तिम प्रतिस्पर्धामा उत्रिएका थिए ।

उनीहरूलाई साथ दिँदै रचनात्मक पहिरन शिल्पमा सजिँदै ३८ मोडलहरूले र्‍याम्पमा उत्रिएर ग्ल्यामर र असाधारण प्रतिभा प्रदर्शन गरेका थिए । यस प्रतियोगितामा फेसन विज्ञहरू मनीषा डंगोल श्रेष्ठ, सविन ढुंगाना, ज्वालाराज पोखरेल, सूर्यदीप घतानी, निशा श्रेष्ठ र फेसन विज्ञसमेत रहेकी नेपाल टेलिभिजनकी बरिष्ठ समाचार सम्पादक शोभा श्रेष्ठ निर्णायकको भूमिकामा थिए ।

फेसन कोरियोग्राफर रोजिन शाक्यको कोरियोग्राफीमा सम्पन्न यस कार्यक्रममा परमानन्द चौधरी इभेन्ट व्यवस्थापक र शैलेश नेपाली इभेन्ट संयोजक, सञ्जिव कसजु बजार व्यवस्थापक थिए ।

इम्पेरियल हल, सल्लाघारी भक्तपुरमा शनिबार सम्पन्न यो कार्यक्रम फेसन डिजाइनरहरूका लागि उनीहरूको सीप र रचनात्मकता प्रदर्शन गर्ने उत्कृष्ट डबली बन्दै आएको र यो संस्करण नेपालको फेसन परिदृश्यमा नवीनता र रचनात्मकताको उदाहरण पेस गर्न सफल रहेको आयोजकको दाबी छ ।

# वर्ल्ड अफ डान्स यूएसका लागि छनोट प्रतियोगिता नेपालमा

**काठमाडौं/मस–** अमेरिकाको सर्वोत्कृष्ट डान्स प्लेटफर्म 'वर्ल्ड अफ डान्स यूएसए'को आयोजनामा भाग लिन नेपालमा छनोट प्रतियोगिताको आयोजना हुन लागेको छ । मण्डला इन्टरटेनमेन्टले नेपालमा लुकेर रहेका प्रतिभा 'हिडन ट्यालेन्ट'हरूलाई देशबाट निकालेर अमेरिकामा प्रतिस्पर्धा गर्न यो आयोजना गर्न लागेको जनाएको हो ।

अमेरिकाको सर्वोत्कृष्ट डान्स प्लेटफर्म वर्ल्ड अफ डान्समा विश्वभरका २५ देशका करिब १ लाख नृत्य प्रतिभा सहभागी हुने गरेका छन् । देशभित्र लुकेर रहेका प्रतिभालाई उजागर गर्ने ध्येयले नेपालमा सो प्रतियोगिता गर्न लागिएको आयोजक मण्डला इन्टरटेनमेन्टले जनाएको छ ।

यसका लागि देशभरबाट ३०० बढी आवेदन परेको छ । उनीहरूले डिजिटल अडिसनमार्फत आवेदन दिएका हुन् । त्यसमध्येबाट ५० प्रतियोगी छनोट गर्न लागिएको मण्डला इन्टरटेन्मेन्ट्स प्रा. लि.की सीईओ सजिना तामाङले जानकारी दिइन् ।




यसको छनोट आयोजना आउँदो २४ माघ बिहीबार अलोफ्ट होटल ठमेल काठमाडौंमा हुने आयोजकले जनाएको छ । यस नेपाल क्वालिफायर्स वर्ल्ड वा डान्स नेपालमा अपर टिम डिभिजन, सिजियर टिम डिभिजन र जुनियर टिम डिभिजन गरी डान्स ट्यालेन्टहरूको खोजी गरिने जनाइएको छ । अपर डिभिजिनमा सोलो, डुओ, ट्रायो र क्वाडमा प्रतिस्पर्धा गर्न पाउने छन् । यसैगरी जुनियर टिमले ३ विधामा सहभागगिता जनाउन सक्ने जनाइएको छ । विजेताहरूले नगद १ लाख रुपैयाँ र प्रमाणपत्र पाउने छन् ।

प्रथम, दोस्रो र तेस्रो हुनेले अमेरिकाको लस एन्जेल्स कन्भेन्सन सेन्टरमा आयोजना हुने वर्ल्ड अफ डान्स, यूएसका लागि सहभागी हुन पाउने छन् । सो प्रतियोगिता १६ देखि २५ जुलाईसम्म हुने वर्ल्ड अफ डान्स नेपालका नेसनल डाइरेक्टर रोशन गहतराजले जानकारी दिए ।


## Invitation for Bids

**Jhapa Rural Municipality**
**Office of Rural Municipal Executive**
**Taghandubba, Jhapa**
**Date of publication (Second notice): 2025/01/06 (2081/09/22)**

1. The Jhapa Rural Municipality invites electronic bids from eligible bidders for the procurement of following goods under National competitive bidding – Single Stage Single Envelope procedures.

| S. N. | Contract ID: | Name of Procurement | Bid Security (Nrs.) | Cost of Bid document (Nrs.) | Last date of bid submission/opening date |
|---|---|---|---|---|---|
| 1 | NCB/JHAPA /JRM/GOODS/ 04/081-82 | Supply and delivery of 25 sqmm ABC cable 2 core with electrical pole Accessories | 2,00,000/- | 3000/- | 2025/01/21 (2081/10/08) (12:00 PM/1:00PM) |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Jhapa Rural Municipality, Taghandubba, Jhapa, Koshi Province, Nepal or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. The employer reserves the right to accept, reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



## Invitation for Bids

**Gauriganga Municipality**
**Office of Municipal Executive**
**Sudurpaschim Pradesh, Nepal**

**Invitation for Bids for the Supply of Medicines and Surgical items**

**First Date of publication: 2025/01/06 (22th Paush 2081)**

1. Gauriganga Municipality Kailali invites Electronic Bid from eligible bidders for the procurement of Medicines and Surgical Items with contract identification GGM/GOODSS/NCB/02/2081/082 under National competitive bidding – Single Stage Single Envelope procedures.

| Contract Id | Description | Estimated amount (without Vat, Vat should be added on vatable items only) Nrs | Bid doc Fee, Nrs | Bid Security, Nrs | Bid Security Validity | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| GGM/GOODSS/ NCB/02/2081/082 | Procurement of Medicines and Surgical Items | Rs. 26,76,509.52/- | Rs. 3000 | Rs. 68,500/- | 120 days from last date of submission | 2081/10/23 (2025/02/05), 12 PM | 2081/10/23 (2025/02/05), 1 PM |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of the Office of Municipal Executive, Gauriganga Municipality, Chaumala, Kailali,Tel No. 091-418060, Email: info.gaurigangamun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. The Medicine Manufacture Must be WHO GMP/DDA Certified Company and Surgical Items must be ISO Certified Company.
4. The medicines and surgical items must have a minimum of 75% of Date Validity or 18 months whichever is more at the time of supply and those which have 3 months left before expiry date and unconsumed shall be exchanged by the supplier.
5. Bidder should download the bidding documents for e-submission from PPMO's WebSite www.bolpatra.gov.np./egp,

| | | |
|---|---|---|
| **Name of the Bank** | : | **NIC Asia Bank, Chaumala, Kailali** |
| **Name of Office** | : | **Gauriganga Municiality** |
| **Office Account no Rajaswa khata** | : | **071-20500-2806-2002** |
| **Office Account no Dhaurati khata** | : | **71CA500982524004** |

6. Bidders must submit along with their bids Firm/Company Registrationn Certificate, Business Registration Certificate (License), PAN/ VAT Registration Certificate, Tax Clearance Certificate/ Extension Letter/Tax return submission evidence for the F/Y [2080/081], Power of Attorney, self decleration letter and Letter of Bid.

**Dharma Raj Binadi**
**Chief Administrative Officer**



## नबिल बैंक लिमिटेड, सातदोबाटो शाखा, ललितपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/०९/२२)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

#### ऋणी कम्पनीको विवरण

